www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- १३, २०८२ साल कार्तिक ४ गते मंगलबार (October 21, 2025) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)

मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# चाँडबाडको वेला यात्रालाई शुरक्षित बनाऔ

■ मोहन कार्की



नेपालीहरुको महाँन चाँडको मुखमा सवारी र्दुघटना भई यात्रुहरु हताहत हुदै आएकाछन् । यस वर्षको वडा दशैको अवसरमा पनि कतिपय ठाउँमा र्दुघटना भएका समाचारहरु आए मानिसहरुको ज्यान गएको खबरले सवैलाई मर्माहत बनायो । यतिवेला शुभ दिपावलीको पर्व चलिरहेको छ । त्यसैगरी नेपा सम्बत्, छठ नजिकिदै छन् । यस्ता पर्वहरुमा मानिसहरु एकठाउँवाट अर्को ठाउँमा पुग्न यातायाताको प्रयोग गर्छन । यहि समयमा बढी मानिसहरु ओहोर दोहोर गर्दा सवारी साधनमा क्षमताभन्दा बढी र सवारी चालकहरुले रातीको समयमा सवारी चलाउदा निद्रामा परी, वा पर्वको अवसरमा भन्दै मादक पदार्थ सेवन गरेर सवारी चलाउदा र्दुघटना हुने गरेका छन् ।

कतिपय पाहाडी क्षेत्रहरुमा सवारी साधनहरुको अभाव हुदा ट्याक्टर, बलेरोको पछिल्लो भागमा यात्रा गर्ने, मिनि टाटामा यात्रा गर्ने गर्दा त्यसमा पनि अत्याधिक मानिसहरु बोकेर सवारी चलाउदा र्दुघटना भएका समाचार आईराखेका छन् । यस्ता घटना घटीसकेर पछुताउनु भन्दा अगाडी नै यात्रा गर्दा सहज र सुरक्षित यात्रा गर्न यात्रुनै सजग नभई र्दुघटनावाट बच्न सकिदैन ।

त्यसैले चाडबाडमा यात्रा गर्दा अग्रीम तयारी गरेर कति दुरीको यात्रा गदैछु । त्यस दुरीमा जान कुन सवारी साधनमा जादा सुरक्षित भईन्छ भन्ने बुझेर यात्रा गर्ने गर्नुपर्दछ । चाडबाड ज्यानै फालेर मनाउने पर्व होइन । पर्व भनेको सहज हुदा सजिलो तरिकाले आफुसँग जे छ । त्यसैमा सवैजना एकठाउँमा जम्मा भई मनाउने खुशी साटसाट गर्ने पर्व हो । तर अचेल प्रविधिको प्रयोगले सँगै हुन नसकेपनि फेसबुकवाट कुराकानी गर्न सकिन्छ ।

चाडपर्व मनाउनै पर्छ भनेर यातायातामा अन्धधुन्ध झुण्डिएर यात्रा गर्ने, जस्तो पायो त्यस्तै यातायातमा यात्रा गर्ने » बाकी ६ पृष्ठमा


# ध्वनी प्रदूषण गर्ने मोटरसाइकल प्रहरीको नियन्त्रणमा



**काठमाडौं–** स्वरूप परीवर्तन गरिएका ३ सय ४ वटा मोटरसाइकल प्रहरीले काठमाडौं र पोखराबाट नियन्त्रणमा लिएको छ ।

विभिन्न पार्टपुर्जा फेरेर स्वरूप परिवर्तन गरि ध्वनी प्रदुषण गर्दै समाजमा शान्ति, सुव्यवस्था खलल पारेको आरोपमा प्रहरीले ती मोटरसाइकल नियन्त्रणमा लिएको हो । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले उपत्यकाका विभिन्न स्थानबाट चालकलाई नियन्त्रणमा लिएर दुईसय मोटरसाइकल बरामद गरिएको जनाएको छ । त्यसैगरि जिल्ला प्रहरी कार्यालय कास्कीले पनि पाटपुर्जा फेरेर स्वरुप परिवर्तन गरेर ध्वनी प्रदूषण गर्दै हिँड्ने १०४ वटा मोटरसाइकल नियन्त्रणमा लिएको छ ।

# लक्ष्मी पूजामा स्वदेशी माग धानेर १०१५ मेगावाट बिजुली भारत निर्यात



**काठमाडौं–** यस वर्षको तिहारको लक्ष्मीपूजाको दिन देशभित्रको विद्युत् उच्च माग (पिक डिमाण्ड) एक हजार ६५० मेगावाट रेकर्ड गरिएको छ । लक्ष्मीपूजाको दिन आइतबार साँझ ६:५० बजे पिक डिमाण्ड एक हजार ६५० मेगावाट रेकर्ड गरिएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

गत वर्षको १६ कात्तिकमा परेको लक्ष्मीपूजाको दिनको विद्युत् पिक डिमाण्ड एक हजार ६०२ मेगावाट रेकर्ड गरिएको थियो । गत वर्षको भन्दा यसवर्ष लक्ष्मीपूजाको दिन पिक डिमाण्ड » बाकी ६ पृष्ठमा

# मेरो सम्पत्ति पत्रकार महासंघले नै छानबिन गरे पनि हुन्छ, ओली



**काठमाडौं–** निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो एक एक पैसाको छानबिन गर्न पुन, माग गरेका छन् । पत्रकार सम्मेलनमार्फत् ओलीले आफ्नो बारेमा छानबिन गर्न सरकारलाई पटकपटक आह्वान गरेको भन्दै पत्रकार महासंघले गरे पनि हुने बताएका हुन् ।

'मैले एक पैसा भ्रष्टाचार गरेको छैन । छानबिन गर्नस् भनेको भन्यै छु । अरुको नसके मेरो मात्रै गरे पनि हुन्छ,' ओलीले भने, 'पत्रकार महासंघले गरे पनि हुन्छ, सम्पादक मण्डलले मेरो सम्पत्तिको छानबिन गरे हुन्छ ।' मेरो घरको डढेको खरानीको कणकण तपाईंहरूले हिसाव गर्नपर्ने हुन्छ । सरकारले खाता रोक्का गर्न गरेको निर्णयप्रति लक्षित गर्दै उनले भने, 'खाता रोक्का गर्ने भनेको पनि सुन्छु । मैले सांसद् र प्रधानमन्त्रीका हैसियतले पाएको अहिलेसम्मको जम्मा गरेर २०, २५ लाख रुपैयाँ खातामा होला, त्यो त एकछिनमा हिसाव गरे थाहा हुन्छ । बैंकले हिसाव दिइहाल्छ । विश्वभरीका सरकारलाई सूचना जारी गरेर ओलीको सम्पत्ति पठाइदेउ भने भो, होला नि उपायहहरू त ।' उनले आफू आक्रोश र आवेगमा भन्दा सत्य स्थापना होस् भनेर भनिरहेको बताए । 'मैले पनि माग गरेको छु, केन्द्रीय कमिटीको बैठकले पनि सम्पत्ति छानबिनको माग गरेको छ,' उनले थपे, 'म त भन्छु बिचौलिया, ब्ल्याकमेलरको पनि गरौं । अरुको पनि गरौं, सबैको गरौं । देश मेरो मात्र होइन, सदाचार नै चाहिएको हो भने शंका लागेका सबैको गरे भो नि ।' यो जेन्जी सरकारले चुनाब गर्न सक्दैन बाकी ४ महिना छ, । यो समयमा चुनाब गर्न सक्दैन उनले बताएका हुन् ।

# नर्सको समस्या समाधानका लागि सातै प्रदेशमा कार्यदल गठन




**काठमाडौं–** सरकारले नर्सहरूको पारिश्रमिक र सेवा(सुविधासम्बन्धी समस्याको समाधानका लागि सातै प्रदेशमा कार्यदल गठन गर्ने निर्णय गरेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव डा. श्रीकृष्ण श्रेष्ठको नेतृत्वमा गठित समितिको आइतबार रातिसम्म बसेको बैठकले यो निर्णय गरेको हो ।

प्रधानमन्त्री तथा स्वास्थ्य मन्त्री सुशीला कार्कीले मन्त्रीस्तरीय निर्णयबाट गठन गरेको उक्त समितिले नर्सहरूको सेवा(सुविधा, कार्य वातावरण र अन्य समस्याको अल्पकालीन तथा दीर्घकालीन समाधानका लागि सुझावसहितको प्रतिवेदन ७ दिनभित्र पेस गर्ने कार्यादेश प्राप्त गरेको छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथाकी अनुसार नेपाल नर्सिङ संघको संयोजकत्वमा प्रत्येक प्रदेशमा सम्बन्धित प्रदेशको स्वास्थ्य मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र आन्दोलनरत नर्सहरूका प्रतिनिधि सम्मिलित कार्यदल गठन गरिनेछ ।

यी कार्यदलले स्थलगत अनुगमन गरी सुझावसहितको प्रतिवेदन पेश गर्नेछन् । » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- १३,
२०८२ साल कार्तिक ४ गते मंगलबार
21 OCTOBER 2025, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

### उज्यालोको पर्व तिहारले सवैलाई खुशी देओस् ।

नेपालीहरूको महान चाँड विजया दशमी भरखरैरै सकिएको छ । त्यसको लगतै आउने पर्व तिहार अर्थात शुभदिपावली नेपालीहरूको घरघरमा पसिनै सकेको छ । यस पर्वलाई नेपालमा विशेष गरेर प्राकृतिक पुजा पनि भनिन्छ । पहिलो दिन काग पुजा, दोस्रो दिन कुकुर पुजा, तेस्रो दिन लक्ष्मी पुजा, चौथो दिन गोरू पुजा गरेर अन्तिमको दिन दिदीबहिनीहरूले आफ्ना दाजुभाईहरूलाई टिका लगाई मिठामिठा खानेकुराहरू दिएर एक अर्कामा माया साटसाट गर्ने गर्दछन् । यहि पर्व कार्तिक ३ गते लक्ष्मी कुकुर पुजा, लक्ष्मी पुजा शुरू भएको छ । आज औशी परेको हुनाले कुनै साईत नभएको नेपाल पञ्चाङ निर्णायक समितिले प्रकाशन गरेको पात्रोमा उल्लेख छ ।

यस पर्वमा फुलहरूको प्रयोग गरी घरका झयाल, ढोका, कोठा चोटा फुलैपुलले सजाएर उज्यालो बनाउने पर्व हो । नेपालीहरूले यस पर्वलाई उज्यालो पर्वको रूपमा मनाउदै आएका छन् । यस उज्यालो पर्वमा देउसी भैलो खेल्ने एक अर्कामा सदभाव बाड्ने साथी साथी मिलेर रमाइलो गर्ने गर्ने गर्दछन् ।

नेपाल देश धर्म संस्कृति, प्राकृतिक स्रोत साधनमा निक्कै धनी छ । तर नेपालको स्थाईत्व काम गर्ने तरिका, सरकार सञ्चालन गर्ने तरिका, यहाको व्यवस्थापनमा देखिएको कमजोरीले नेपालमा वेलावेलामा राजनीतिक असन्तुष्टीले राजनीतिका अस्थिरता हुने गरेको छ । चाहे त्यो राणाविरोधी आन्दोलन होस् । चाहे त्यो प्रजातन्त्रको लागि होस् वा माओवादीको जनयुद्ध भरखरैको जेन्जेट आन्दोनलन नै किन नहोस यो घडीमा नेपाल सधै अस्थिरता भएको छ । यस्ता अस्थिरताहरू व्यवस्था ठिक नभएको भनेर आरोप लगाई सरकार ढाल्ने र त्यो सरकारमा अर्को व्यक्ति पुग्ने तर मानसिकता परिवर्तन नहुने जनताले प्रत्यक्ष भोग्नु परेका समस्यालाई नीतिगत रूपमा सुधार नगर्ने प्रचलन कायम नै रहेको छ ।

वर्तमान अवस्थामा राजनीतिक पार्टीभन्दा बाहिरवाट सरकार बनेको छ । यस घढीमा सवै नेपालीहरूको उन्नतिको लागि गर्न सकिने नीतिगत सुधारहरू वर्तमान सरकारले गर्न सकोस र सवै नेपालीलाई फुलैफुलको पर्व तिहारको जस्तै खुशीको वातावरण बनोस् ।

# देशलाई भत्काउने होइन, उठाउने निर्णय गरौं



■ हिरा अधिकारी

हालका गतिविधिहरूले देशको राजनीतिक दिशालाई धुम्म बनाइरहेको छ, सुशीला कार्कीको सरकारले फागुन २१ मा निर्वाचन गराउने सम्भावना दिनप्रतिदिन घट्दै गएको स्पष्ट संकेत देखिन्छ, प्रहरी संगठनको मनोबल गहिरो रूपमा क्षतविक्षत छ, सरकार चौतर्फी दबाबमा थिचिएको छ, हरेक दिशाबाट असन्तुष्टिको स्वर उच्च हुँदै गएको छ, राज्य संयन्त्रको विश्वासको ढाँचा चर्किएको छ, यो संकट केवल प्रशासनिक होइन, नैतिक र संस्थागत चरित्रको पतन हो ।

जब सेनाले राजनीतिमा हात हाल्छ, इतिहासले देखाएको छ कि त्यस देशको दिशा लोकतन्त्रतर्फ होइन, अधिनायकवादतर्फ मोडिन्छ, यस्ता मुलुकहरूको हविगत सधैं दुःखद र शिक्षणीय रहन्छ, र अहिले नेपाल पनि त्यही मोडमा उभिएको जस्तो लाग्छ । सुशीला कार्की, जसले निःस्वार्थ छविबाट देशलाई आशा दिलाएकी थिइन्, अहिले दक्षिण एसियाको अर्को 'मोहम्मद युनुस' बन्ने सम्भावना बोकेर हिँडिरहेकी छिन्, तर त्यो सम्भावना नै उनको सबैभन्दा ठूलो चुनौती पनि हो ।

निर्वाचनको नारा दिइए पनि देशमा विश्वासको अभाव छ, पुराना दलहरू पुनः हाबी हुने र जनताको आवाज पुनः दबिने सम्भावना हरेक कोणबाट देखिन्छ, जनतालाई लोकतन्त्रको नाममा दलहरूकै अधिपत्यको चक्रमा घुमाइँदै छ । न्भ्ल श् आन्दोलनको प्रारम्भिक जोशले देशमा परिवर्तनको लहर ल्यायो, तर त्यस आन्दोलनले विध्वंश त गर्‍यो, पुनर्निर्माण गर्न सकेन, देशले देखेको सपना जेनजीले उठायो तर किनारा लगाउन सकेन, किनभने उनीहरू आन्दोलनको स्वर भएर पनि संयोजनको सूत्र बन्न सकेनन् ।

वर्तमान राष्ट्रिय संकट केवल अस्थायी शासनको कमजोरी होइन, यो संस्थागत अराजकताको रूप हो, जसको निकास राजनीतिकरूपमै खोजिनुपर्छ, प्राविधिक रूपमा होइन, किनकि प्राविधिक समाधानले भावनात्मक र जनताको प्रतिनिधित्वजन्य गहिराइ समात्दैन । अहिले दलहरू, वास्तविक जेनजी आन्दोलन, सेना र जनता – यी चार शक्ति एकताबद्ध भएर अघि नबढे देशले निकास पाउने छैन, एकले अर्कोलाई आरोप लगाउने परम्पराले देशलाई दलदलमा धकेल्दै लगेको छ ।

देश चरम राजनीतिक संकटको गर्तमा पुगेको छ, प्राविधिक निकासले यो समस्याको सतह मात्र छोइदिन्छ, तर राजनीतिक निकासले जरा उखेल्छ, त्यसैले यो समय संयम होइन, निर्णयको समय हो । कुनै वाद, वर्ग वा व्यक्तिगत स्वार्थलाई स्थगित गरेर देशकै हितमा सोच्न नसक्ने हो भने, हामीले केवल शक्ति गुमाउने होइन, राष्ट्रियता पनि गुमाउने दिन देख्न सक्छौं ।

विधिलाईभन्दा व्यक्तिलाई महान ठान्ने संस्कारले नै आजको समस्या जन्माएको हो, संस्थाभन्दा व्यक्ति ठूलो भन्ने सोचले राज्यको मेरुदण्ड भाँचिदिएको छ, हरेक निकायमा व्यक्ति विशेषको प्रभाव र पहुँच नै निर्णयको आधार बनेको छ । यही कारणले आजको शासन 'सिस्टम' होइन 'फेस' मा चलेको छ । यो सोच त्याग्न नसकेसम्म कुनै पनि सुधार सम्भव छैन । मेरो शब्द बिद्रोही लाग्न सक्छ, तर सत्यलाई बिद्रोहले होइन, मौनताले मार्छ, त्यसैले बोल्न जरुरी छ । मैले चित्रण गरेको यो सरकार ६ महिनाभित्र चुनाव गराउने होइन, सिंहदरबारको खरानी सफा गर्न पनि नसक्ने सरकार हो, किनभने यसको नेतृत्व इच्छाशक्तिको होइन, सम्झौताको उत्पादन हो । कुरा अब क्लियर छ–प्रहरीको सातो फिर्ता आएको छैन, अदालत क्षतविक्षत छ, निजी क्षेत्र भयभीत छ, र जनताको भरोसा मरेको छ ।

राज्यको सम्पूर्ण संयन्त्र भत्किँदै छ, खबौंको सरकारी सम्पत्ति खरानीमा परिणत भएको छ, तर सरकार मौन छ । अपराधीहरूलाई कारबाही गर्ने जिम्मेवारी लिने सट्टा, सरकारले आफूलाई सत्तामा पुर्‍याउनेहरूलाई पुरस्कार दिएको छ, यो नै दण्डहीनताको चरम अवस्था हो, जसले राज्यको आधारभूत विश्वास प्रणाली नै भत्काएको छ । यो अवस्था सामान्य शासन संकट होइन, राज्य पतनको संकेत हो, स्टेट कोल्याप्सको पहिलो चरण यही हो जहाँ अपराधीहरूलाई संरक्षण दिइन्छ र न्यायको स्वर मूक बनाइन्छ । सरकारले ठूला अपराधहरूलाई राजनीतिक सहमतिका नाममा माफी दिने अभ्यास सुरु गरेको छ, यो देशको कानुनी संरचनामाथिको अपमान हो ।

सञ्चार माध्यमहरू पनि अब स्वतन्त्रताको प्रहरी होइनन्, धेरैजसो माध्यमहरू सत्ता नजिक हुन पुगेका छन्, "चुनाव हुँदैन ... हुँदैन" भन्दै झ्याली पिट्नेहरू देशभित्र निराशाको हावा फुक्दै छन्, जसले जनताको हौसला मारेको छ । जब सञ्चार माध्यम नै निराशाको मुखपत्र बन्छ, तब जनतामा आन्दोलनको भावना हराउँछ, र सत्ता सहज रूपमा अधिनायक बन्न सक्छ । देशमा अहिले सर्वत्र अनिश्चितता छ, बजारमा डर छ, नागरिकमा असुरक्षा छ, न्यायालयमा विश्वास छैन, र शासनमा नैतिकता छैन । यो समग्र अवस्था एउटा अँध्यारो चित्र हो जसले देखाउँछ–हामीले 'राज्य' लाई होइन, 'संघर्ष' लाई बाँचाइरहेका छौं ।

तर यसको समाधान पनि छ, र त्यो समाधान राजनीतिक हो । राजनीतिक दलहरूले आफ्नो स्वार्थभन्दा माथि उठ्नुपर्छ, एकअर्कालाई बदनाम गरेर होइन, सँगै उभिएर देशलाई मार्ग दिनुपर्छ । वास्तविक जेनजी आन्दोलनले पनि अब नारामात्र होइन, व्यवहारिक संरचना प्रस्तुत गर्नपर्छ, देशले उर्जा खोजेको हो, क्रोध होइन । सेना, जसको नाम अहिले बारम्बार राजनीतिमा तानिँदैछ, उसले आफ्नो पेशागत मर्यादा र राष्ट्रिय दायित्व सम्झनुपर्छ, राजनीतिक खेलको पाटो बन्नु उसको इज्जतको अन्त्य हुनेछ ।

राजनीतिक निकासको पहिलो सर्त हो–विश्वास पुनःस्थापना । सरकार, प्रहरी, अदालत, सञ्चार, निजी क्षेत्र–यी सबैमा विश्वास गुमिसकेको छ । यसलाई फिर्ता ल्याउन राजनीतिक इच्छाशक्ति चाहिन्छ । प्रधानमन्त्री सुशीला कार्कीले अब आफ्नो सरकारलाई 'अन्तरिम व्यवस्था'को रूपमा सीमित राखेर, तत्काल चुनावको तिथि र प्रक्रिया दुवैमा पारदर्शिता ल्याउनुपर्छ । निर्वाचन आयोगलाई स्वतन्त्र बनाउने, सुरक्षा संयन्त्रलाई राजनीतिक दबाबबाट मुक्त राख्ने, र दलहरूसँग सहमति खोज्ने काम उनले अहिले नगरे भने, इतिहासले उनलाई 'आशाको प्रतीक' होइन, 'अवसरको नाश गर्ने' नेताको रूपमा लेख्नेछ ।

राजनीतिक निकासको अर्थ सत्ता हस्तान्तरण होइन, राष्ट्रिय दिशा पुनःस्थापना हो । कुनै पनि प्राविधिक टोलीले यो समस्या समाधान गर्न सक्दैन, किनकि समस्या प्रशासनिक नभई वैचारिक हो । देशलाई जोगाउने शक्ति केवल सहमतिको राजनीतिले ल्याउन सक्छ, र त्यो सहमति वर्ग, विचार र मतभेदभन्दा माथि हुनुपर्छ । राष्ट्र अहिले एउटा साझा मूल्यमा एक हुनुपर्ने बेला आएको छ–र त्यो मूल्य हो, स्थायित्व र स्वतन्त्रता ।

अब समय आएको छ, जहाँ हरेक नेपालीले आफ्नो भूमिकाको पुनरावलोकन गर्नपर्छ । पत्रकारले कलमको इमान फिर्ता ल्याउनुपर्छ, नेताले वचनको अर्थ सम्झनुपर्छ, सैनिकले मर्यादाको सीमाना कायम गर्नपर्छ, न्यायाधीशले निष्पक्षताको धर्म निभाउनुपर्छ, र नागरिकले आफ्नो आवाज जगाउनुपर्छ । यो सामूहिक जागरण बिना देश अगाडि बढ्दैन । अन्ततः, सुशीला कार्कीको सरकार यदि इतिहासमा सकारात्मक रूपमा अङ्कित हुन चाहन्छ भने, उसले चुनाव गराएर देशलाई मार्ग प्रशस्त गर्नैपर्छ, चुनाव केवल प्रतिनिधि छनोट होइन, राज्य पुनर्निर्माणको माध्यम हो । यसैले, सरकारलाई आह्वान गर्नपर्छ–देशलाई अस्थिरताको बन्दी नबनाओस्, चुनाव गराओस्, कानुनी र राजनीतिक स्थायित्व पुनः स्थापित गरोस्, र नागरिकलाई आफ्नो भविष्यप्रति विश्वास दिलाओस् । अब समय वादको होइन, सहमतिको हो, र यो सहमति राष्ट्रको अस्तित्वको लागि अपरिहार्य छ । देशको माटो अझै तातो छ, जनताको मन अझै भरोसामा जिउँदो छ, त्यसैले अब पनि ढिलो भएको छैन ।

# प्रकृति पूजन– १ः 'इनर्जी क्यान नाइदर बि क्रिएटेड नर डिस्ट्रोएड'



■ सानुकाजी वज्राचार्य

म तत्कालीन काठमाडौं म.न.पा. ४ वडा (हाल १२ वडा) ब्रह्मटोल, वरननीस्थित गल्लीको कुनामा गरिबी र अविकसित टोल प्रायः ज्यापू बस्तीमा जन्मेको मान्छे । मेरो पिता अङ्ग्रेजी भाषा नास्ति भए पनि नेपालीमा ११ पास गरेको मान्छे । टोलमा बुबाले बालबच्चालाई सित्तै पढाउँदै गर्दा पनि बच्चाका आमा-बुबा 'पढेर के पाइन्छ ? खेतमा गए खान पाइन्छ' भनेर खेततर्फ आकर्षित गर्न खोज्ने बासिन्दा ।

यस्तै साथीसङ्गतमा हुर्केकाले आनीबानी र स्वभावमा पनि त्यसको असर पर्न त कुनै नौलो भएन । त्यसैले एकपटक फेल भई दोस्रोपटक तेस्रो श्रेणीमा एस.एल.सी. उत्तीर्ण हुँदा पनि आनन्दित मान्छे म । त्यसताका नागरिकता बनाउन सेक्सन अफिसरको सिफारिस चाहिनेमा बल्लतल्ल टोलसँगैको 'हाकु मार्साहिब' भानी बोलाउने हेडमास्टर तुलसीबहादुर सिंहको सिफारिस पाइयो । उति बेला मलाई मेरो परिवारमा पनि एक सेक्सन अफिसर, इन्जिनियर वा एक डाक्टर हुँदो हो त जीवन कति सुखमय होला हुँदो हो भन्ने लागेको थियो । तर यस ८१ वर्षको उमेरसम्म ठडिँदा 'एक इ. सेनाको प्रमुख सेनानीसहित तीन डाक्टर परिवारमा जिउँदै हुँदा पनि सुख पाइएन जस्तो लागिरहेको छ । आफ्नो चाहना, आवश्यकता र इच्छाको फलस्वरूप मानिसले समूह बनाई समाज खडा गरेका हुन् । यसरी समाजमा रहँदा उनीहरूको उद्देश्य परिपूर्ति हुँदै गएकाले मानवजाति समाजप्रति आकर्षित भएको हो । यो भावनाको विकास मानवमा मात्र नभई पशुपक्षी, कीटपतङ्गमा पनि भएको पाइन्छ । विभिन्न लतालहरा, खहरा, प्वालभित्र कीटपतङ्गले झुन्ड नै बनाई आफ्नो आहारा, खाना वा गह्रौं पदार्थहरू घिसारिरहेको र तानिरहेको त देखेकै छौं । मांसाहारी जीवजन्तुको भयबाट सुरक्षित रहन साकाहारी जीवजन्तु पनि समूह वा हुल बनाई जङ्गलमा चरन गरिरहेको दृश्य त टी.भी., मोबाइल आदिमा हेरिरहेकै वा देखिरहेकै विषय हो । तसर्थ सबै जीवजन्तु, मानिस, पक्षी, कीटपतङ्गले पनि क्षमताअनुसार संरक्षित वा सुरक्षित हुन प्रयास गर्दा रहेछन् भन्ने त खुलस्त भयो नि !

मानिसलाई सर्वश्रेष्ठ प्राणीको रूपमा गनिएको छ । मानिसले जन्मदेखि मृत्युसम्म र मृत्युपश्चात् पुनर्जन्ममा समेत भलो र कल्याण होस् भन्ने भावनाले अनेकौं दान, धर्म, पूजा, पाठ, व्रत, उपवास गर्दै समाजलाई परिष्कृत गर्न चाहनु त राम्रै हो नि ! अनि अनेकौं रीतिरिवाज, परम्परा, थितिबिती, उत्सव, महोत्सव, मेला, पर्वको साथै देव, देवालय, मन्दिरको दर्शन, घुमफिर आदि गर्दै सरसल्लाह र वार्तालाप हुँदा ज्ञान, गुण, बुद्धि, विचार, सोच, समझको विकास पनि अवश्य नै हुन्छ होला नि !

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP


# खेलाडीको स्वास्थ्य उपचारका लागि राखेप र नाम्सबीच सहकार्य

**काठमाडौं–** पालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी र प्रशिक्षकले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (नाम्स), वीर अस्पताल बाट स्वास्थ्य सेवा र उपचारमा विशेष छुट पाउने भएका छन् । राष्ट्रिय खेलकुद परिषद् (राखेप) र नाम्सबीच खेलाडी र प्रशिक्षकलाई विशेष सेवा प्रदान गर्ने उद्देश्यले सहकार्य भएको हो ।



राखेप र नाम्सले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षकहरूलाई आवश्यकता अनुरूप विशेष सेवा दिन राखेपमा बिहीबार एक कार्यक्रमकाबीच सम्झौता भएको हो । राखेपका सदस्य-सचिव टंकलाल घिसिङ र नाम्सका उपकुलपति प्रा.डा. भुपेन्द्रकुमार बस्नेत ले उक्त सहकार्यका लागि सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् ।

उक्त सम्झैतामा खेलाडी र प्रशिक्षकको सहजताका लागि सम्पर्क अधिकृत तोकेर यो सुविधा दिन र यो सम्झौता पाँच वर्षको हुन, पछि सहमतिमा नवीकरण हुन सक्ने गरी अगाडि बढाइएको छ । नेपाली खेलकुद विकासमा थप टेवा पुग्ने गरी कुल ११ वटा सर्तहरूसहित सहकार्य भएको छ । नाम्सले खेलकुदमा नै काम गर्ने प्राविधिकसँगै कर्मचारीलाई पनि यो सुविधा उपलब्ध गराउनेछ । उनीहरूले विशेष ग्राह्यताका साथ दक्ष चिकित्सकको निगरानीमा स्वास्थ्य सेवा पाउने भएका छन् । खेलाडीहरूले उपचारका क्रममा प्रयोगशालाबाट दिने सुविधामा विभिन्न चरणमा सहुलियत पाउनेछन् । ल्याब टेस्ट, ओपिडी, एक्सरे, भिडियो एक्सरे, अपरेसन, एमआरआई, सिटी स्क्यान र विराम भर्नालगायत सबै प्रकारका सेवाहरूमा अस्पतालको मूल्य सूचीबाट खेलाडीहरूले छुटसमेत प्राप्त गर्नेछन् । अस्पतालका सबैखाले सेवामा ओलम्पियनले सबैभन्दा धेरै ८० प्रतिशत छुट पाउनेछन् ।

त्यस्तै एसियाली र दक्षिण एसियाली खेलकुदमा पदक प्राप्त गर्ने तथा राष्ट्रिय टिमका खेलाडीले ६० प्रतिशत, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीले ५० प्रतिशत र राखेपका कर्मचारीले ४० प्रतिशत छुट पाउने छन् । राखेपको सम्पर्क अधिकृतले प्रमाणिकरण गरेपछि मात्र प्रतिष्ठानले खेलाडी, प्रशिक्षक र कर्मचारीलाई उक्त विशेष सेवा दिनेछन् । उपचारका साथै राखेपले आयोजना गर्ने खेलकुदका प्रतियोगितामा स्वास्थ्य सम्बन्धि शैक्षिक जनचेतना, प्राथमिक उपचार, एन्टी डोपिङ, फिजियो थेरापी र पोषणा सम्बन्धि विभिन्न कार्यक्रम नाम्सले दिने सहमति भएको छ ।

# रास्वपाको सचिवालय विस्तारप्रति तोसिमा असन्तुष्ट



**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की नेता तोसिमा कार्कीले पार्टीको सचिवालय विस्तारको निर्णयप्रति असन्तुष्टि जनाएकी छन् ।

पार्टीमा रिफर्मेसनको एजेण्डा उठिरहेको र त्यसैको लागी विस्तारित बैठक तोकिएको उल्लेख गर्दै उनले सामाजिक सञ्जालमार्फत् विस्तारित बैठकसमेत नकुरी सचिवालय विस्तार गरिएकोमा असन्तुष्टि जनाएकी हुन् । उनले लेखेकी छन्, 'महाअधिवेशन कैले गर्ने, के गर्ने, भन्ने निर्णयको लागि २ हप्तामा हुन लागेको विस्तारित बैठकसमेत नकुरी सचिवालय विस्तार गरियो । हामीले खोजेको रिफर्मेसन यो होइन । कार्यकारी नेतृत्व परिवर्तन हो, पुनर्गठन हो ।'

शनिबार मात्रै रास्वपाले सचिवालय विस्तार गरेको छ । पार्टी विधानको धारा २६ मा भएको व्यवस्था अनुसार कार्यवाहक सभापति डीपी अर्यालले सचिवालयमा ४ जना सदस्य मनोनीत गरेका हुन् ।

सभापतिको मनोनीत गरेको उक्त निर्णय शनिबार बसेको पार्टी केन्द्रीय समितिको भर्चुअल समितिको बैठकमा प्रस्तुत भएको छ । थप हुने सदस्यहरूमा सोबिता गौतम, गणेश पराजुली, शिशिर खनाल र हरि ढकाल छन् । उनीहरू चार जना नै गत निर्वाचनमा प्रत्यक्ष निर्वाचित भएका थिए । रास्वपाको विधानमा २५ जनासम्मको पार्टी सचिवालय गठन गर्न सकिने व्यवस्था छ । सोही व्यवस्थालाई टेकेर सचिवालय विस्तार गरिएको रास्वपाले जनाएको छ । तर, डा. तोसिमाले नयाँ र वैकल्पिक शक्तिहरूलाई समेत एकीकृत गर्नका लागि पदहरू खाली राख्नुपर्ने भनेर सचिवालय विस्तारको प्रस्ताव रोक्न माग गरेकी छन् । पार्टी सचिवालयको गठन पार्टी सभापतिले आफूसहित निर्वाचित पदाधिकारीहरू, कोषाध्यक्ष, प्रवक्ता र बाँकी सदस्यहरू केन्द्रीय समितिबाट सभापतिले मनोनीत गरी २५ जनासम्मको पार्टी सचिवालय गठन गरी केन्द्रीय समितिमा जानकारी दिनुपर्ने व्यवस्था विधानमा छ । यसअघि रास्वपामा १० जना सचिवालय सदस्य थिए । विस्तार भएपछि भने १४ जनाको सचिवालय बनेको छ । आवश्यकता अनुसार, सभापतिले अन्य सदस्यहरू पनि सचिवालयमा थप्नसक्ने छन् । तर, पदहरूमा व्यक्तिहरू राखेर रास्वपामा आउ भनेर नयाँ र वैकल्पिक धारका व्यक्तिहरू भन्न गाह्रो हुने भनेर तोसिमाले रोक्न भनेकी हुन् ।

डा. तोसिमाले सामाजिक सञ्जालमार्फत पार्टी लोकतान्त्रिक हुन जरुरी रहेको पनि बताएकी छुन । उनले लेखेकी छन्, 'फेरी पनि भन्दैछु हामी थप लोकतान्त्रिक हुन जरुरी छ । कार्यशैलि सच्याउन जरुरी छ । पार्टीका गतिविधिहरुमा संगठनको जरा-जराले अपनत्व महसुस गर्न सक्नुपर्छ ।' यहींनेर उनले विस्तारीत बैठकमा भोटिङ राइट मागेकी हुन् । 'पुनः दोहोऱ्याउँछु, विस्तारीत बैठकमा पार्टीको संगठनको बृहत सहभागिता र भोटिङ राइट्सको सुनिश्चित गरियोस् भनि माग गर्दछु' उनले लेखेकी छन्, 'भोटिङ राइट्स नदिने भए देशभरबाट चितवन सम्म बोलाएर, समय, पैसो, श्रम खर्च गरेर निर्णयको अधिकार नदिने भए बैठकको औचित्य छैन ।' रास्वपाको केन्द्रीय समितिको विस्तारित बैठक यही कार्तिक १४ र १५ गते चितवनमा बस्दैछ ।

# एक महिनामा ७५ हजार पर्यटकले गरे मुस्ताङको भ्रमण

**मुस्ताङ–** मुस्ताङमा असोज महिनामा ७५ हजार ५९९ पर्यटकले भ्रमण गरेका छन् । दसैं तथा तिहार पर्वको विदाका अवसरमा मुस्ताङ भ्रमण गर्ने पर्यटकको सङ्ख्या बढेको हो ।



प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथको दर्शनसँगै हिमाली क्षेत्रको पृथक भूगोल, यहाँको मनोरम जैविक तथा प्राकृतिक सौन्दर्यता अवलोकन गर्न आन्तरिक तथा बाह्य पर्यटक मुस्ताङ भ्रमण गर्न लालायित हुन्छन् । यहाँको कोरलानाका, लोमान्थाङ दरबार, छोसेर गुफा, ढुम्बाताल, ठिनी र जोमसोम र मार्फा बस्तीसँगै यहाँको निलगिरि र धौलागिरि हिमशृङ्खला अवलोकन गर्न यहाँ पर्यटक आउने गरेका छन् । असोजमा बेनी-जोमसोम सडकमार्ग हुँदै ६५ हजार ७४० आन्तरिक पर्यटक र ९ हजार ८५९ विदेशी पर्यटक मुस्ताङ भित्रिएका प्रहरी नायव उपरीक्षक छिरिङ किप्पा लामाले जानकारी दिए ।

असोज २१ गतेदेखि ३१ गतेसम्मको १० दिनको अवधिमा बेनी-जोमसोम सडकमार्ग हुँदै ४९ हजार ३७१ आन्तरिक तथा बाह्य पर्यटक मुस्ताङ भित्रिएका थिए । प्रहरी नायव उपरीक्षक लामाका अनुसार आन्तरिक तथा बाह्य गरी १४ हजार ३८९ पर्यटकले उपल्लो मुस्ताङको भ्रमण गरेका थिए । यसमा १३ हजार ९२९ आन्तरिक र ४५० विदेशी पर्यटक रहेका थिए ।

गतवर्ष असोजमा कूल ५९ हजार ८३१ आन्तरिक तथा बाह्य पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए । सो अवधिमा ४७ हजार २९३ आन्तरिक र १२ हजार ५३८ विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेको तथ्याङ्कमा उल्लेख छ ।

मुस्ताङमा गतवर्षको तुलनामा यसवर्ष आन्तरिक र बाह्य गरी २०.८५ प्रतिशतले पर्यटक सख्या घटेको देखिएको छ । मुस्ताङमा चालु आवको साउनदेखि असोजसम्ममा एक लाख १८ हजार ६८९ पर्यटक भित्रिएका थिए । साउनदेखि असोजसम्ममा ९१ हजार १२५ आन्तरिक र २७ हजार ४६४ विदेशी पर्यटक मुस्ताङ भित्रिएका हुन् । आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक तथा बाह्य गरी सात लाख पाँच हजार ७७९ पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए ।

## रामेछाप डायरी

# यो वर्ष गाउँघरमा फूल नफुल्दा तिहार खल्लो

**रामेछाप–** तिहार नजिकिँदै गर्दा बजारमा र गाउँघरमा तयारी त तीव्र भइरहेको छ, तर यस वर्ष फूल फुल्न ढिलो भएकाले धेरैको तिहार खल्लो बन्ने चिन्ता बढेको छ । विशेषगरी मखमली, सयपत्री र गोदावरी फूलहरू पर्याप्त मात्रामा नफुल्दा घर सजावट र मालामा प्रयोग हुने फूलको अभाव हुने देखिएको हो । तिहारमा फूल फुलेर ढकमक्क हुने गाउँघरमा यो वर्ष कतैकतै मात्र फूलहरु फुलेको देख्न सकिन्छ ।



रामेछापका किसानहरूका अनुसार यो वर्ष तिहार पर्व अलि चाँडै परेको र अनियमित वर्षाका कारण फूलको उत्पादन प्रभावित भएको हो । स्थानीय किसान मैया कार्की भन्नुहुन्छ, "गत वर्ष यसबेला फूलले बगैंचा रंगिएको थियो, तर अहिले अघिल्लो वर्षको आधा पनि फुलेको छैन ।"

तिहारमा देउसीभैलो, घर सजावट र भाइटीकामा फूलको विशेष महत्व हुने भएकाले यसको कमीले पर्वको रौनक घटाउने चिन्ता सर्वत्र देखिएको छ ।त्यसैले, यस वर्षको तिहार "बत्ती र मिठाईले मात्र होइन, फूलको कमीले पनि खल्लो बन्ने सम्भावना" रहेको स्थानीयहरूको भनाइ छ ।

# रामेछापमा तिहारको चहलपहल बढ्यो, बजारमा किनमेल गर्नेको भिड



**रामेछाप–** रामेछाप जिल्लामा तिहार नजिकिँदै जाँदा बजारदेखि गाउँसम्म चहलपहल बढेको छ । दीपावली पर्व नजिकिँदै गर्दा स्थानीय बजारहरूमा किनमेल गर्नेहरूको भीड बढ्दै गएको छ ।

बजारमा दियो, बत्ती, रंगोलीका रंग, माला, अबिर, फुल, मिष्ठान्न र कपडाका पसलहरूमा ग्राहकहरूको भीड देखिन थालेको छ । विशेषगरी रामेछाप बजार, मन्थली बजार सहितका विभिन्न बजारहरुमा युवायुवती र महिलाहरू तिहारका सामग्री किनमेलमा व्यस्त देखिएका छन् । तिहारका बेला घरघरमा सरसफाइ, रंगोलि सजावट र झिलिमिली बत्तीको तयारी तीव्र बनेको छ । देउसीभैलो समूहहरू पनि गाउँगाउँमा तालिम र अभ्यासमा जुट्न थालेका छन् ।

विद्यालय र क्लबहरूले देउसीभैलो प्रतियोगिता तथा सांस्कृतिक कार्यक्रमहरूको तयारी गरिरहेका छन् ।व्यवसायीहरूले यस वर्षको तिहारमा व्यापार राम्रो हुने अपेक्षा गरेका छन् ।दशैंपछि सुस्त रहेको बजार तिहार लागेसँगै व्यापार फस्टाउँदै गएको मन्थली बजारका व्यापारीहरुले बताएका छन ।

रामेछाप प्रहरीले तिहारका समयमा शान्ति सुरक्षा र बजार अनुगमनमा कडाइ गर्ने जनाएको छ । प्रहरीका अनुसार पर्वका बेला कुनै अवाञ्छित गतिविधि हुन नदिन निगरानी बढाइएको छ ।पारिवारिक भेटघाट, धार्मिक पूजाआजा र मनोरञ्जनको संगम बनेको तिहार पर्वले रामेछापका वासिन्दाहरूमा उत्साह र उमङ्ग थपेको छ ।

# नागरिक उड्डयन प्राधिकरणको भवन काठमाडौं जिल्ला अदालतलाई प्रयोग गर्न दिने

**काठमाडौं–** बबरमहलस्थित नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालयको एनेक्स भवन काठमाडौं जिल्ला अदालतलाई प्रयोग गर्न दिने निर्णय भएको छ ।

प्राधिकरणको सञ्चालक समितिले अदालतसँग करार गरी उक्त भवन दिने निर्णय गरेको महाप्रबन्धक प्रदीप अधिकारीले जानकारी दिए ।

सञ्चालक समितिको ३० असोजमा बसेको बैठकको निर्णयमा अध्यक्ष एवं प्रधानमन्त्री सुशीला कार्कीले आइतबार हस्ताक्षर गरेकी छन् । योसँगै अब अदालतसँग वार्ता र सम्झौता गर्न ढोका खुलेको छ ।

'२०८२ भदौ २३ र २४ मा भएको प्रदर्शनका क्रममा काठमाडौं जिल्ला अदालतको भवनमा क्षति हुन गई कार्य सञ्चालनमा बाधा पुगेको छ । सम्मानित सर्वोच्च अदालत एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट समेत उक्त भवन जिल्ला अदालत काठमाडौंलाई तत्काल उपलब्ध गराई सेवा सञ्चालनमा सहजीकरण गर्न प्राधिकरणलाई अनुरोध भई आएको सन्दर्भमा अर्को व्यवस्था नभएसम्मका लागि बबरमहलस्थित प्राधिकरणको मूल भवनको पूर्वतर्फको ब्लक बी भवन दुई पक्ष (काठमाडौं जिल्ला अदालत र प्राधिकरण) बीच आवश्यक सम्झौता गरी काठमाडौं जिल्ला अदालतका सेवा सञ्चालन गर्न दिने,' निर्णयमा लेखिएको छ ।




काठमाडौं जिल्ला अदालत र सँगै रहेको प्राधिकरणको मूल भवन आजगनीका कारण क्षतिग्रस्त छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- १३,
२०८२ साल कार्तिक ४ गते मंगलबार
21 OCTOBER 2025, TUESDAY

# ग्लोबल आइएमई बैंक दोस्रो पटक ग्लोबल फाइनान्सको “बेष्ट बैंक अवार्ड” बाट सम्मानित




**काठमाडौं–** ग्लोबल आइएमई बैंक लिमिटेड ग्लोबल फाइनान्स म्यागाजिनको बेष्ट बैंक अवार्ड २०२५ बाट सम्मानित भएको छ। शनिबार संयुक्त राज्य अमेरिकामा आयोजित एक समारोहमा ग्लोबल फाइनान्सका प्रतिनिधीले बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल र प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीलाई उक्त अवार्ड हस्तारण गर्नुभयो ।

विश्वसनीयता, वित्तीय श्रोत परिचालन, पहुँच विस्तार, रणनीतिक सम्बन्ध स्थापना, व्यावसायिक तथा ग्राहकमैत्री सेवाहरुको विकास, क्रेडिट रेटिङ्ग लगायतका मापदण्डहरुमा ग्लोबल आइएमई बैंक सन् २०२५ को लागि नेपालको उत्कृष्ट बैंक भएको हो ।

यो अवार्डसगैं ग्लोबल आइएमई बैंक लगातार २ वर्ष ग्लोबल फाइनान्स म्यागाजिनका बेष्ट बैंक अवार्डबाट सम्मानित भएको हो । ग्लोबल फाइनान्सले ग्लोबल आइएमई बैंकलाई २०२४ मा पनि सम्मानित गरेको थियो ।

बैंकका अक्ष्यक्ष ढकालले यस सम्मानले ग्लोबल आइएमई बैंकलाई थप उत्कृष्ट सेवा प्रदान गर्न प्रोत्साहित गरेको बताउँदै यस सम्मानका लागि विभिन्न पक्षबाट सहयोग गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक लगायत अन्य नियामक निकायहरु, सेयरधनी, कर्मचारी तथा सम्पूर्ण ग्राहकवर्गमा खुसी साट्दै हार्दिक आभार व्यक्त गर्नुभयो ।

ग्लोबल फाइनान्स म्यागाजिनले ग्लोबल आइएमई बैंकसहित अफ्रिका, एशिया प्यासिफिक, क्यारिबियन, मध्य अमेरिका, ल्याटिन अमेरिका, मध्य र पूर्वी युरोप, मध्य पूर्व, उत्तर अमेरिका र पश्चिम युरोप क्षेत्रका उत्कृष्ट बैंकहरुलाई सम्मान गरेको हो ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको यस प्रतिष्ठित अवार्डबाट सम्मानित हुने पहिलो नेपाली बैंक हो । ग्लोबल फाइनान्सले विश्वका उत्कृष्ट केन्द्रिय बैंक र वाणिज्य बैंकहरुलाई यो प्रतिष्ठित अवार्ड प्रदान गर्ने गर्दछ ।

ग्लोबल फाइनान्सले २०२५ को लागि हङकङको एचएसबीसी, भारतको स्टेट बैंक अफ इन्डिया, चीनको चाइना कन्स्ट्रक्सन बैंक, नेपालको ग्लोबल आइएमई बैंक, मलेशियाको यूओबी मलेशिया, बङ्लादेशको सिटी बैंक, जापानको एसएमबीसी लगायतका विश्वभरका विभिन्न बैंकहरुलाई विभिन्न विधामा सम्मानित गरेको हो ।

ग्राहकहरुको आवश्यकतालाई मध्यनजर गरी समयसान्दर्भिक नविनतम् सेवाहरु प्रदान गर्दै आइरहेको ग्लोबल आइएमई बैंकलाई ग्लोबल फाइनान्सबाट “नेपालको उत्कृष्ट बैंक” को सम्मानले आगामी दिनमा बैंकलाई रचनात्मक सेवाहरु प्रदान गर्न प्रोत्साहित गर्नेछ ।

यो वर्षको अवार्डसँगै ग्लोबल आइएमई बैंक दोश्रो पटक बेष्ट बैंक अवार्डबाट सम्मानीत भएको हो । यसअघि पनि ग्लोबल आइएमई बैंकले ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४को अवार्ड प्राप्त गरेको थियो ।

यस अघि पनि ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले अहिलेसम्म यस अवार्डसहित बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरु प्राप्त गरिसकेको छ। ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १, ००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिंदै आएको छ। बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

# आरम्भ चौतारी र पभु बैक लि.बीच सम्झौता




**काठमाडौं–** आरम्भ चौतारी लघुवित्त वित्तिया संस्था लिमिटेड र पभु बैक लि.बीच विशेष छुट सम्झौता आरम्भ चौतारी लघुवित्त वित्तिया संस्था लिमिटेड र प्रभु बैंक लिमिटेड बीच आरम्भ चौतारी लघुवित्त वित्तिया संस्था लिमिटेडका कार्यरत कर्मचारीहरुलाई सुविधा सम्पन्न बैकिङ्ग सेवा उपलब्ध गराउने सम्बन्धी एक सम्झौतामा हस्ताक्षर भएको छ ।

आरम्भ चौतारी लघुवित्त वित्तिया संस्था लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री शिव प्रसाद ज्ञवाली र प्रभु बैंक लिमिटेडका तर्फबाट ऋभलतचबी द्यगकष्लभकक ऋभलतचभ का प्रमुख श्री लेख बहादुर पुन ले उत्त सम्झौता पत्रमा हस्ताक्षर गर्नु भएको छ ।

यो सम्झौता पश्चात आरम्भ चौतारी लघुवित्त वित्तिया संस्था लिमिटेड मा कार्यरत कर्मचारीहरुले उत्कृष्ट बैकिङ्ग सेवा प्रयोग गर्न हुनेछ भन्ने विश्वास प्रभु बैंकलाई रहेको छ । भने त्यसैगरी, ग्राहकहरुको रोजाईको अग्रणी बैंकको रुपमा रहेको तथा “बैंक अफ द इयर २०२३, प्रभु बैंक फिनाकल ईन्फोसिस ईनोभेसन गोल्ड-२०२४ अवार्डको साथै हालसालै युरो मनी अवार्ड- नेपाल बेस्ट डिजिटल बैंक फर एसएमईको -२०२५ अवार्डको रुपमा सम्मानित भएको छ । प्रभु बैंकका नेपालभर ३१२ शाखा कार्यालयहरु, २८६ एटीएम साथै ६९एक्सटेन्सन काउन्टर मार्फत करिब ३१ लाख भन्दा बढि ग्राहकहरुलाई ‘बिश्वास लिन्छौं, विश्वास दिन्छौं’ भन्ने मुल नाराका साथमा बैंकिङ एवं वित्तीय सेवा प्रवाह गरिरहेको प्रभु बैंकले अत्याधुनिक प्रविधि मार्फत गुणस्तरीय सेवा प्रवाह गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको छ ।

# क्वालिटी कन्फेक्सनरीले ल्यायो थन्डर नट्स पिनट्स वेफर, मूल्य २० रुपैयाँ




**विराटनगर–** तीन दशकदेखि विभिन्न प्रकारका कन्फेक्सनरी उत्पादन गरिरहेको काबरा ग्रुपको क्वालिटी कन्फेक्सनरी उद्योगले बदाम (पिनट) मिश्रित वेफर बजारमा ल्याएको छ ।

उद्योगले वेफरको बढ्दो बजार र मागसँगै थन्डर नट्स ब्रान्डमा २६ ग्रामको प्याकिङमा वेफरको उत्पादन सुरु गरेको हो । खुद्रा बिक्री मूल्य प्रतिगोटा २० रुपैयाँ कायम गरिएको यस उत्पादनमा बदामको अंश ६ ग्राम छ ।

उद्योगका निर्देशक श्रीधर काबराले एक वेफर नै खाजाका लागि पर्याप्त हुने र यसले शरीरमा तत्काल अतिरिक्त शक्ति र ऊर्जा प्रदान गर्ने दाबी गरे । काबराले विशेषत: खेलकूद, पदयात्रा, हिमाल आरोहण, लगायतका बढी थकान हुने क्षेत्रका सहभागीलाई थन्डर नट्स वेफर उपयोगी हुने उल्लेख गरे । उनले यो वेफर देशभरिका मुख्य बजारमा उपलब्ध हुने जानकारी दिए । यो उत्पादन नेपालका लागि नयाँ भएको र यसको निर्यातका लागि प्रक्रिया सुरु गरिएको उनको भनाइ छ ।

# नयाँ ग्यालेक्सी स्मार्टफोनसँग मल्टी–बाइ अफर




**काठमाडौं–** सामसङ नेपालले आफ्नो ग्राहकहरूका लागि नयाँ ग्यालेक्सी स्मार्टफोनहरू खरिद गर्दा लागू हुने विशेष अफर सार्वजनिक गरेको छ । सीमित अवधिको लागि उपलब्ध यो अफर अन्तर्गत ग्राहकहरूले चुनित ग्यालेक्सी वाच८ सिरिज र बड्स३ लाइनअप जस्ता ग्यालेक्सी वेरेबलहरु खरिद गर्दा विशेष छुट पाउनेछन् ।

सामसङको नयाँ फ्ल्यागशिप, ए-सिरिज वा एम-सिरिजका स्मार्टफोनहरू खरिद गर्दा, चुनित ग्यालेक्सी वाच र बड्समा विशेष ५३ प्रतिशत सम्मको छुट प्राप्त गर्न सकिनेछ ।

यो विशेष मल्टिबाइ अफर ले प्रयोगकर्ताहरूलाई आफ्नो फोनलाई ग्यालेक्सी वाच८ क्लासिक वा बड्स३ जस्ता उपकरणहरूसँग जडान गरेर पूर्ण ग्यालेक्सी अनुभव प्राप्त गर्न सक्षम बनाउँछ । यी उपकरणहरू रक्तचाप र इसीजी जस्ता उन्नत स्वास्थ्य ट्र्याकिङ, सहज कनेक्टिभिटी र ग्यालेक्सी एआईद्वारा संचालित उत्कृष्ट अडियो अनुभव प्रदान गर्नका लागि डिजाइन गरिएका छन् ।

एमएक्स सामसङ नेपालका निर्देशक प्रणय रत्न स्थापितले भने ‘सामसङमा हाम्रो लक्ष्य सधैं एक कनेक्टेड इकोसिस्टम सिर्जना गर्नु रहेको छ जसले दैनिक जीवनलाई सरल र समृद्ध बनाउँछ । यस मल्टी-बाइ अफर मार्फत हामी हाम्रा ग्राहकहरूलाई ग्यालेक्सी कनेक्टिभिटीको पूर्ण शक्ति अनुभव गर्न सजिलो बनाउन चाहन्छौं ।’

स्मार्ट हेल्थ ट्र्याकिङदेखि सिमलेस कम्युनिकेसनसम्म सबै एउटै एकीकृत इकोसिस्टम भित्र पर्ने भनिएको छ । यो अफर सीमित अवधिको लागि मात्र उपलब्ध छ र नेपालभरका अधिकांश सामसङ अधिकृत स्टोरहरूमा मान्य छ ।

साथै, हुलास फिनसर्भ हायर पर्चेज लिमिटेडद्वारा संचालित सामसङ इन्स्टा फाइनान्स सेवा मार्फत ग्राहकहरूले ०% ब्याजदरमा सहज इएमआई योजनाबाट नयाँ डिभाइसहरू प्राप्त गर्न सक्नेछन् । यसका लागि केवल नागरिकता प्रमाणपत्र भए पुग्ने कम्पनीले जनाएको छ ।

# खराब ऋणले दबाबमा रहेका बैंकलाई जेनजी आन्दोलनले धक्का, खुम्चियो नाफा

**काठमाडौं–** ऋण असुली प्रभावित हुँदा वाणिज्य बैंकहरूको नाफामा संकुचन आएको छ । चालु आर्थिक वर्ष २ महिनामा वाणिज्य बैंकहरूको नाफा ६.१८ प्रतिशतले खुम्चिएको हो ।

यस वर्ष भदौ मसान्तसम्म वाणिज्य बैंकहरूले १६ अर्ब ५९ करोड रुपैयाँ खुद नाफा गरेका छन् । पोहोर पहिलो २ महिनामा बैंकहरूले १७ अर्ब ६९ करोड रुपैयाँ मुनाफा कमाएका थिए ।

११ बैंकको नाफा खुम्चिएको छ । भदौसम्म नबिल, नेपाल इन्भेष्टमेन्ट, स्टान्डर्ड चार्टर्ड, हिमालयन, नेपाल एसबिआइ,एनआइसीएसिया,कुमारी,कृषि विकास, सिटिजन्स र प्रभु बैंकको नाफा खुम्चिएको हो ।

हिमालयन बैंकको नाफा सबैभन्दा धेरै ६८.२६ प्रतिशतले घटेको छ । बैंकले भदौसम्म ३७ करोड रुपैयाँ नाफा गरेको छ । पोहोर सोही अवधिमा बैंकको नाफा १ अर्ब १६ करोड रुपैयाँ थियो । कुमारी बैंकको नाफा सबैभन्दा कम २.६ प्रतिशतले खुम्चिएको छ । ९ वटा बैंकले भने नाफा बढाएका छन् । सिद्धार्थ बैंकको नाफा सबैभन्दा धेरै ४०.१८ प्रतिशतले बढेको छ । एनएमबि बैंकले ३२.१४ प्रतिशत, नेपाल बैंकले २४.२७ प्रतिशत र माछापुच्छ्रे बैंकले २२.८ प्रतिशतले मुनाफा बढाएका छन् ।राष्ट्रिय वाणिज्य बैंकको नाफा सबैभन्दा कम ०.६३ प्रतिशतले बढेको छ । एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत (सीइओ) सुदेश खालिङ ऋण असुलीमा समस्याका कारण नाफा प्रभावित भएको बताउँछन् । ‘कर्जाको माग छैन । असुली प्रभावित छ । कर्जा बढाउन नसक्दा थुप्रिएको निक्षेपले लागत बढाएको छ,’ उनले भने, ‘जेनजीको आन्दोलनपछि पुरानो मात्रै नभएर नियमित कर्जामा समेत समस्या देखिएको छ । जसले गर्दा नाफा प्रभावित भएको हो ।’

# निजी क्षेत्रलाई प्रोत्साहित गर्ने उद्योगमन्त्रीको कार्ययोजना

**काठमाडौं–** उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले निजी लगानीलाई प्रोत्साहन गर्ने तत्काल गर्नुपर्ने कामको सूची तयार पारी मातहतका निकायलाई निर्देशन दिएका छन् ।

मन्त्री सिन्हाले निजी क्षेत्रलाई प्रोत्साहित गरी लगानी बढाउने प्रयासस्वरुप कानुनमा सुधारदेखि अरु नीतिगत निर्णय गर्ने कार्ययोजना तयार पारेका छन् ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धिका लागि तत्काल सुधार कार्ययोजना बनाएको छ । मन्त्रालयले माघ महिनासम्म गर्ने कामको सूचीसहित कार्ययोजना बनाएको हो । कार्ययोजना अनुसार औद्योगिक तथा व्यावसायिक वातावरण सुधार गरी लगानी प्रवर्धन गर्न कम्पनी विधेयकको मस्यौदा बनाउन लागिएको छ ।

व्यावसायिक सुशासन प्रवर्धनका लागि नीतिगत तथा कानुनी सहजीकरण गर्ने मन्त्री सिन्हाको योजना अनुसार विधेयकको मस्यौदा तयार पार्न लागिएको हो । मस्यौदा तर्जुमाका लागि माघसम्मको समय तोकिएको छ । मन्त्री सिन्हाले कम्पनी प्रशासनमा पनि सुधार गर्न लागेका छन् । कम्पनी कानुनका जानकार सिन्हाले निजी क्षेलाई प्रोत्साहित गर्ने गरी सुधारको कार्ययोजना बनाएका हुन् ।

कम्पनी प्रशासनसँग सम्बन्धित सेवाको प्रवाभकारिता अभिवृद्धिका लागि कम्पनी दर्ता स्वीकृतिसँगै क्यामिसमार्फत कम्पनीको खाता रहने बैंकमा स्वचालितरुपमा सिफारिस गरी खाता खुल्ने प्रबन्ध गर्ने भनिएको छ । यसका लागि कम्पनी रजिष्ट्रारको कार्यालयलाई माघसम्मको समय तोकिएको छ ।

यस्तै कम्पनी दर्ता एवं खारेजीमा प्रक्रियामा पनि सरलीकरण गर्न लागिएको छ । यसका लागि लगानीकर्ता र कम्पनीलाई सहज हुने गरी कम्पनी निर्देशिकालालाई तत्काल परिमार्जन गर्ने भनिएको छ । जसमा प्रबन्धपत्र लगायत कागजात कानुन व्यवसायीबाट प्रमाणित गर्नुपर्ने/तेस्रो पक्षको अनिवार्यता हटाइने मन्त्रालयले जनाएको छ । स्वेट सेयरको विषयमा कार्यविधिमा उल्लेख गरिने भएको छ । यो प्रबन्ध गर्नका लागि कम्पनी रजिष्ट्रारको कार्यालयलाई माघसम्मको समय तोकिएको छ ।

विदेशी लगानी स्वीकृतिमा पनि सहजीकरण गर्न लागिएको छ । सबै प्रकारका विदेशी लगानी स्वीकृतिका लागि अटोमेटेड रुट प्रयोग सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने मन्त्रालयको योजना छ । सूचना मंसिरभित्र निकाल्ने मन्त्रालयको कार्ययोजनामा उल्लेख छ । औद्योगिक क्षेत्रमा लिज प्रणालीलाई पनि सहज बनाउन लागिएको छ । औद्योगिक क्षेत्रबाट प्रवाह गरिने सेवा तथा लिज हस्तान्तरण सम्बन्धी प्रक्रियालाई थप पारदर्शी बनाउन विनियमावलीमा आवश्यक संशोधन/परिमार्जन र खारेजी मंसिरसम्म गर्ने भनिएको छ । यसको जिम्मा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई दिइएको छ । यस्तै विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापनाका लागि प्रोत्साहन गर्न विशेष आर्थिक क्षेत्रको भूबहाल दर प्रति वर्गमिटर प्रति महिना २० रुपैयाँबाट ५ रुपैयाँमा झार्न मन्त्री सिन्हाले विशेष आर्थिक क्षेत्र प्राधिकरणलाई निर्देशन दिएका छन् । प्राधिकरणले यो काम मंसिरसम्म गरिसक्नुपर्नेछ ।

# बारीमै महँगियो फूल, तेब्बर मूल्यमा बिक्री



**भक्तपुर–** तिहार सुरु भएसँगै बारीदेखि बजारसम्म मखमली र सयपत्री फूलका मूल्य तेब्बर दरमा वृद्धि भएको छ ।

सोमबार लक्ष्मी पुजाको दिन सयपत्री फूल र माला तेब्बरभन्दा बढी मूल्यमा बिक्री भइरहेको छ । भक्तपुरको सबभन्दा बढी फूल उत्पादन हुने सूर्यविनायक नगरपालिका-७ गुण्डुमा किसानले एकसाता अगाडि ३०० रुपैयाँ प्रतिकिलो बिक्री गरेको सयपत्री फूल आज ७०० रुपैयाँमा बिक्री गरेका छन् । व्यापारीले बजारमा त्यही फूललाई एक हजार रुपैयाँसम्ममा बिक्री गरेका छन् ।

एक किलो सयपत्री फूलको माला बजारमा एक हजार ५०० रुपैयाँमा व्यापारीले बिक्री गरिरहेको मध्यपुरथिमि नगरपालिका-५ संगम कोलोनी निवासी प्रकाश झाले बताए । उनले आज एउटा सयपत्रीको माला एक हजार ५०० रुपैयाँका दरले खरिद गरेको जानकारी दिए । राधेराधे सडक पेटीमा गाडामा सयपत्री फूल र माला बिक्री गरेका व्यापारी प्रमिला लामाले आइतबारदेखि किसानले फूलको मूल्य वृद्धि गरेकाले महँगोमा बिक्री गर्नुपरेको बताइन् । उनले काभ्रे पलाञ्चोक, सिन्धुली, सिन्धुपाल्चोक, पाँचखाललगायत क्षेत्रबाट खुला रूपमा गरिएको फूलखेतीको फूल एक साता अगाडि किलोको ३०० रुपैयाँमा बिक्री गरेकोमा आइतबार ६०० रुपैयाँमा आइपुगेकाले महँगोमा बिक्री गर्नुपरेको बताइन् ।

खुला रूपमा खेती गरेको सयपत्री फूल किलोको ८०० रुपैयाँमा र भक्तपुरमा टनेलमा उत्पादन गरेका फूल किलोको एक हजार ३०० रुपैयाँमा आज बिक्री भएको छ । भक्तपुरमा टनेलमा उत्पादन भएका सयपत्री फूल साता दिनसम्म नबिग्रने भएकाले महँगो भएको बताउँदै उनले मखमली फूलको प्रतिमाला १०० मा बिक्री गरेको जानकारी दिइन् ।

एक साता अगाडि किसानले घरघमा आएका व्यापारीलाई २५ देखि ३० रुपैयाँमा बिक्री गरेको मखमली फूलको माला आइतबारबाट किसानले नै ४० देखि ४५ रुपैयाँमा बिक्री गरेकाले व्यापारीले १०० रुपैयाँसम्ममा बिक्री गरेको बताइन् । दुई दिनमै फूल र मालाको मूल्य तेब्बर रूपमा वृद्धि भएको उनले बताइन् । गुण्डुकी पुष्प व्यवसायी गुण्डुको फूल गुणस्तरीय हुने भएकाले माग बढी रहेको बताउँदै यहाँको फूल किसानबाटै किलोको ४०० देखि ५०० रुपैयाँसम्ममा बिक्री भएको बताइन् । बिचौलियाले फूल र माला बजार पुऱ्याउँदा उपभाक्तासम्म पुग्दा तेब्बरभन्दा बढीले मूल्य वृद्धि भएको उनको भनाइ छ ।

पुष्प व्यवसायी अनिता बस्नेतले यसवर्ष गुण्डुबाट मात्रै करिब पाँच करोडको फूल तथा माला बिक्री भएको जानकारी दिइन् । उनले सयपत्री फूल र मखमली फूलको माला गरी यसवर्ष पाँच करोडभन्दा बढीको बिक्री भएको बताउँदै एउटै परिवारले एक लाखदेखि पाँच लाखसम्मको फूल तथा माला बिक्री गरेको बताइन् ।

गुण्डुमा करिब ७०० रोपनी जग्गामा मखमली र करिब ३०० रोपनी जग्गामा सयपत्री फूलको खेती भइरहेको बताउँदै गुण्डुकै अर्का पुष्प व्यवसायी उर्मिला नगरकोटीले व्यापारी र बिचौलयाले गाउँमै आएर फूल र माला खदिमा प्रतिस्पर्धा भएपछि किसानले मूल्य बढाएको जानकारी दिइन् ।

बजारमा फूल र मालासँगै लक्ष्मी पूजाका लागि आवश्यक मानिएको भोगटे र बिमिरोको मूल्य बढेको छ । भोगटे ६० रुपैयाँमा बिक्री हुँदै आएकोमा आज १५० रुपैयाँसम्ममा बिक्री भएको र बिमिरो ३० रुपैयाँमा बिक्री हुँदै आएकोमा आज १०० देखि १५० रूपैयाँमा बिक्री भइरहेको छ । बजारमा तिहारका लागि अत्यावश्यक मानिएको फूल, माला, भोगटे, बिमिरो, भाइ मसला र फलफूलको मूल्य आकासिएपछि उपभोक्ता भने मारमा परेका छन् ।

# खेलकुद

## तेस्रो ज्योतिपुञ्ज कपको उपाधि आयोजककै पोल्टामा



**पाल्पा–** जिल्लाकै सर्वाधिक पुरस्कार राशिसहित पाल्पाको रामपुरमा सम्पन्न वाईवाई तेस्रो ज्योतिपुञ्ज कपको उपाधि आयोजककै पोल्टामा परेको छ । युनाइटेड युथ क्लब गिरुबारी नवलपुरलाई १-० गोल अन्तरले पराजित गर्दै आयोजक ज्योतिपुञ्ज युवा क्लबले तेस्रो संस्करणको उपाधि जितेको हो । सोमबार सम्पन्न फाइनल प्रतिस्पर्धामा ज्योतिपुञ्जकातर्फबाट ६३ औं मिनेटमा सुमित श्रेष्ठले गरेको गोल निर्णायक बन्यो । दुवै टिमले खेल अवधिभर एक अर्कालाई निकै दबाबमा राखेका थिए । रामपुर नगरपालिका-७, किसानबारीस्थित ज्योतिपुञ्ज खेल मैदानमा भएको प्रतियोगिताको विजेता बनेको आयोजक टिमले नगद ३ लाख ५० हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता युनाइटेड युथ क्लबले नगद २ लाख नगदसहित ट्रफी, मेडल र प्रमाणपत्रमै चित्त बुझायो ।

विजेता ज्योतिपुञ्ज युवा क्लबले सेमिफाइनलमा देवदह ब्वाइज रुपन्देहीलाई पराजित गर्दै फाइनल पुगेको थियो । युनाइटेड युथले अभिषेक चर्च नवलपुरलाई पराजित गर्दै फाइनलमा पुगेको हो । प्रतियोगिता अन्तर्गत फाइनल गोल गर्ने ज्योतिपुञ्ज युवा क्लबका सुमित श्रेष्ठ प्लेयर अफ दि फाइनल म्याच बने । उनले नगद ५ हजार १५० पाए । त्यस्तै रेडबुल इनरजेटिक प्लेयर अफ दि फाइनल म्याच ज्योतिपुञ्ज युवा क्लबकै जया गुरुङ घोषित हुँदै गिफ्ट ह्याम्पर पाएका छन् । गत कार्तिक २६ गतेदेखि सुरु भएको प्रतियोगिता अन्तर्गत प्रतियोगितामा उत्कृष्ट मूल्यवान खेलाडी ज्योतिपुञ्जकै आशिष गुरुङ भए । उनले १७ हजार नगद, प्रमाणपत्र र ट्रफी प्राप्त पाए । यसैगरी अधिकगोलकर्ता देवदह ब्वाइज रुपन्देहीका आशिष जीसी, उत्कृष्ट गोलरक्षक ज्योतिपुञ्जकै सरोज तामाङ, उदाउँदो खेलाडी युनाइटेड युथ क्लब गिरुबारी नवलपुरका यम प्रसाद बुढा, उत्कृष्ट रक्षक युनाइटेड युथ नवलपुरका सुमित मल्ल, उत्कृष्ट कोच ज्योतिपुञ्जकै केशव श्रेष्ठ भए । सबैलाई समान नगद ८ हजार प्रमाणपत्र र ट्रफी प्रदान गरिएको खेल संयोजक अनिल शाही ठकुरीले जानकारी दिए । ज्योतिपुञ्ज युवा क्लबले सेमिफाइनलमा पुग्ने तर फाइनल पुग्न नसक्ने टिमलाई २५/२५ हजार नगद प्रदान गरेको छ । प्रतियोगिताको विजेता तथा उपविजेता समूहलाई रामपुर नगरपालिकाका नगर प्रमुख रमण बहादुर थापा, अन्तर्राष्ट्रिय बीपी चिन्तन प्रतिष्ठानका अध्यक्ष सन्दीप राना, जापानी समाजसेवी काजुमासा काकिमी, ज्योतिपुञ्जका अध्यक्ष सुन्दर राना लगायतले नगद, ट्रफी मेडल प्रदान गरे । रामपुर नगर प्रमुख थापाले विस्तृत परियोजना प्रतिवेदन तयार हुनासाथ फुटबल रंगशाला निर्माणको काम अघि बढ्ने बताए । नगर प्रमुख थापाले चालु आर्थिक वर्षमा ५० लाख विनियोजन गरेको बताउँदै क्रमागत २ करोड बजेट रहेको बताए । नगर भित्र रहेको खेल मैदानको स्तरोन्नतिका साथै खेलाडीलाई मनोबल बढाउन प्रतियोगिता आयोजनाले सहयोग पुग्ने अन्तर्राष्ट्रिय बीपी चिन्तन प्रतिष्ठानका अध्यक्ष रानाले बताए । प्रतियोगितामा रुपन्देही, पोखरा, काठमाडौं, स्याङ्जा, नवलपुर, चितवन, पाल्पा लगायतका १० क्लबले सहभागिता जनाएका थिए । फुटबलको विकास, स्थानीय खेलाडीलाई प्रोत्साहनका साथै रामपुर नगरको पहिचानका लागि क्लबले तेस्रो संस्करणको प्रतियोगिता आयोजना गरेको ज्योतिपुञ्ज युवा क्लबका पूर्व अध्यक्ष सुदीप गौतमले बताए । प्रतियोगिता आयोजक ज्योतिपुञ्ज, नवलपुरको युनाइटेका साथै काठमाडौंको हिमालयन शेर्पा क्लब, रुपन्देहीको देवदह ब्यायज, पोखराको एलजी एसोसिएसन, स्याङ्जाको होराइजन क्लब वालिङ, नवलपुरको भैरव स्पोर्टस् क्लब र अभिषेक चर्च र जहर, चितवनको सूर्यपुर फुटबल क्लबको सहभागिता रहेको थियो । क्लबले पहिलो र दोस्रो संस्करण सफलतापूर्वक सम्पन्न गरिसकेको छ ।

# गृहमन्त्रीको स्पष्टीकरण : मैले बोल्दा पूर्व ऊर्जामन्त्री भारतमा थिए



**काठमाडौं–** गृहमन्त्री ओमप्रकाश अर्यालले पूर्वऊर्जामन्त्री दिपक खड्का जेनजी आन्दोलनपछि भारत गएको भए पनि अहिले फर्किएको बताएका छन् ।

सोमबार विपिन जोशीको श्रद्धाञ्जली सभामा जानेक्रममा सञ्चारकर्मीहरूलाई प्रतिप्रश्न गरे, 'मैले अन्तर्वार्ता दिँदाको अवस्थामा उहाँ कहाँ हुनुहुन्थ्यो सोध्नुस् न ?' खड्का जेनजी आन्दोलनपछि कहाँ थिए भन्ने कुरा उनी स्वयंले स्वीकारिसकेको गृहमन्त्री खड्काले बताए ।

'उहाँ आफैंले भन्नुभएको छ- उहाँ स्थल मार्गबाट इन्डिया गएको थिएँ भन्नुभएको छ । कहिले जानुभएको थियो ? उहाँलाई सोध्नु पऱ्यो ?,' उनले भने । अर्यालले आफूले उक्त अभिव्यक्ति दिँदा खड्का विदेशमै रहेको जिकिर गरे । 'मैले बोलेको दिन उहाँ कहाँ हुनुहुन्थ्यो । इन्टरभ्यु छापिएपछि आउनुभयो नि उहाँ त,' उनले भने । गृहमन्त्री अर्यालले दलहरूले लुटेको हतियार राखेको नबताएको प्रष्ट पारे । 'दलहरूले (हतियार) राखेका छन् भनेको होइन । कुनै कुनै दल त्यस्ता दल पनि हुन सक्छन् जसले हातहतियार पनि संग्रह गर्ने चाहना राखेका हुनसक्छ' उनले भने, 'कुनै पनि राजनीतिक शक्तिले छ भने उहाँहरूले पनि डिक्लेयर गर्दिए हुन्थ्यो ।' गृहमन्त्री अर्यालले थपे, 'अब मुलुक हिंसाको बाटोमा होइन । कहिले पनि हिंसाको बाटोमा हैन, हतियारको बाटोमा हैन, अब शान्ति अहिंसाको बाटोमा हुनुपर्छ ।'

उनले सबै दलहरूमा यो चेत आउनुपर्ने बताए । 'कतिपय दलहरूले त्यसो गरेका छैन होला, कतिपयले गरेका पनि छन् होला,' उनले भने, 'त्यसैले यो पनि राजनीतिक रूपमा सो घोषणा गर्दिनुभयो भने भोलि निर्वाचनको वातावरण बनाउन लागि त निर्वाचन आयोगमा जानुहुन्छ, सरकारसँग पनि उहाँहरूको भेटवार्ता भइरहन्छ ।'

उनले थपे, 'त्यो क्रममा उहाँहरूले त्यो कुरा सुनिश्चित गर्नुभयो भने सरकारलाई अझ मद्दत हुन्छ भनेर भनेको हो ।' उनले नेपाली कांग्रेसका एक नेताले गृहमन्त्री अर्यालले नै हतियार लुकाएको आरोप लगाएकोप्रति भने प्रतिक्रिया नदिने बताए ।

# परिवारलाई जिम्मा लगाइयो विपिन जोशीको शव



**काठमाडौं–** इजरायलमा मारिएका विपिन जोशीको पार्थिव शरीर उनको परिवारलाई बुझाइएको छ । सोमबार साँझ धनगढी विमानस्थल पुऱ्याइएको विपिनको शव नेपाली सेनाको टोलीले सम्मानसहित परिवारलाई बुझाएको हो ।

जोशीका दाजु किशोर जोशीसहितका आफन्तले शव बुझेका हुन् । उनको महाकाली घाटमा अन्त्येष्टि गरिने परिवारले जनाएको छ । उनको शव आजै कञ्चनपुरको भिमदत्तनगरपालिकास्थित घरमा लगिने छ । कञ्चनपुरमै उनको अन्तिम दाह संस्कार गरिने बताइएको छ ।

अध्ययनको सिलसिलामा इजरायल पुगेका कञ्चनपुरका विपिन जोशी गत २०२३ अक्टुबर ७ मा हमासले किबुत्ज क्षेत्रमा गरेको आक्रमणको क्रममा बन्धक बनाइएका थिए । त्यसपछि उनको अवस्था अज्ञात रहेकोमा गत असोज २७ गते इजरायली अधिकारीहरूले उनको मृत्यु पुष्टि गरेका थिए ।

इजरायल र हमासबीच युद्धविराम सम्झौतापछि बन्दी साटासाट गर्ने क्रममा हमासले विपिनको भनेर इजरायली सेनालाई शव हस्तान्तरण गरेको थियो । उनको डीएनए परीक्षणबाट शव विपिनकै भएको पुष्टि भएको थियो भने फरेन्सिक जाँचमा अपहरण भएताका नै मृत्यु भएको पाइएको इजरायलस्थित नेपाली दूतावासका अधिकारीहरूले बताएका छन् । विपिनको शव नेपाल ल्याउनुअघि आइतबार इजरायलको राजधानी तेल अवीवस्थित खटिभा ८ को स्मारक, बेनगुरिएन विमास्थलमा श्रद्धाञ्जली दिइएको थियो । उनको शव रहेको कफिनमा नेपाली झण्डा ओढाइएको छ ।

# दलको संख्या १२४, थप १७ वटा दर्ता हुँदै

**काठमाडौं–** निर्वाचन आयोगमा नयाँ दल दर्ताको निवेदन लिएर पुग्नेको संख्या १७ पुगेको छ । आयोगका अनुसार १७ वटै दल दर्ताको प्रक्रियामा रहेका छन् ।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार जेनजी आन्दोलन अगाडि दल दर्ताका लागि दश वटा निवेदन परेका थिए । जेनजी आन्दोलनपछि थप सात दल दर्ताका लागि निवेदन परेको छ । १७ वटै निवेदनमाथि आयोग अध्ययनको क्रममा छ ।

सूचना अधिकारी घिमिरेका अनुसार दर्ता भएका दलको संख्या १२४ रहेको छ । निवेदन दिएका सबै दल दर्ता भए दलको संख्या अझ बढ्नेछ ।

यस बीचमा दुई वटा पार्टी फुटेर दर्ता भएका छन् । जनमत पार्टी फुटेर जनस्वराज पार्टी दर्ता भएको छ । नेपाल जनमुक्ति पार्टी फुटेर नयाँ दल दर्ता भएको छ ।

दर्ता हुन बाँकी रहेका दलहरूको विवरण अध्ययन गर्ने काम भइराखेको आयोगले जनाएको छ । कुनै दलको विधान स्पष्ट हुनुपर्ने, कुनैको सनाखतका लागि आवश्यक संख्या नपुग्ने लगायतका समस्या रहेका छन् । कुनै दलले प्रस्ताव गरेको चुनाव चिन्ह फेर्न आयोगले भनेको छ ।

राष्ट्रिय जेनजी पार्टी नेपालले चुनाव चिन्ह 'क्रस खुकुरी' प्रस्ताव गरेको छ । आयोगले यो चुनाव चिन्ह फेर्न आग्रह गरेको छ ।

राष्ट्रिय परिवर्तन पार्टी दल दर्ताको प्रक्रियामा छ । यसको अध्यक्षमा अजयकुमार छन् र चुनाव चिन्ह बाँसुरी प्रस्ताव गरेर दल दर्ताको निवेदन दिएको छ ।

नेपाल लिबरल पार्टी नामक पार्टी दर्ताका लागि पुगेको छ । यो पार्टीको अध्यक्षमा गोपीलाल न्यौपाने छन् । चुनाव चिन्ह सिक्का रहेको छ ।

यसअगाडि नै नेपाल नागरिक पार्टी, उज्यालो नेपाल पार्टी, श्रम संस्कृति पार्टी र गतिशील लोकतान्त्रिक पार्टीले दल दर्ताको निवेदन दिएका छन् ।

श्रम संस्कृति पार्टीको अध्यक्षमा धरानका मेयर हर्क साम्पाङ रहेका छन् । गतिशिल लोकतान्त्रिक पार्टीको अध्यक्षमा दिनेश प्रसाईं रहेका छन् । सबै दलको विवरण हर्ने काम भइराखेको आयोगले जनाएको छ ।

# भदौ २३ को आन्दोलन राम्रो, २४ गतेको घुसपैठ छानबिन हुनुपर्छ : वर्षमान



**काठमाडौं–** नेकपा माओवादी केन्द्रका नेता वर्षमान पुनले अहिले लोकतन्त्रमाथि, संविधानमाथि, र राष्ट्रिय स्वाधिनतामाथि प्रश्न उठेको बताएका छन् ।

माओवादी केन्द्रको मुख्यालय पेरिसडाँडामा आयोजित कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । '...हामी जनताको अवस्था अझ राम्रो हुने गरी अझ उन्नत लोकतन्त्रका लागि लडिरहनेछौं,' उनको प्रतिबद्धता छ ।

जेनजी आन्दोलनपछि सबैको सोच बदलिएको उनको भनाइ छ ।

'विश्वभर जेनजी आन्दोलनको तरंग छ,' उनी थप्छन्, 'क्रान्तिकारीहरू उनीहरूको भावना समेटेर अगाडि जान चाहन्छन् ।'

जेनजी एउटा उमेर समुह भएको र यो समूह भर्चुअल र डिजिटल प्लेटफर्ममा हुर्किएको पुस्ता भएको उल्लेख गर्दै उनी उनीहरूको चाहना र भावना समेटेर अगाडि बढ्नुको विकल्प नरहेको बताउँछन् ।

उनी भन्छन्, 'नयाँ पुस्ता डिजिटलमा भेटघाट गर्छन । नेपालमा बसेर अमेरिका, चाइना, भारतमा बिजनेश गरिराखेका छन् । नेपालमा बसेर जागीर खाइरहेको छन् । यो पुस्ताको चाहनालाई सम्बोधन गर्नपर्छ ।'

ज्ञान लिने तरिकामा समेत बदलाव आएको उनको भनाइ छ ।

'यो पुस्तासँग धेरै सूचना छ । हिजो हामीलाई नोट लेखाएर सिकाउँथे । पहिले पत्रिका छापेपछि सूचना पाइन्थ्यो । अहिले त्यो छैन । अहिले धेरै सूचना छ,' नेता पुन भन्छन्, 'रोबोटसँगै हुर्किएको जेनजी पुस्ता हो । यो पुस्तालाई सँगै लिएर जानुपर्छ ।'

जेनजीले सुशासन चाहेको, स्मार्ट विकास चाहेको पनि उनले बताए । विगतमा सडक लगायतका पूर्वाधारमा भएको विकासले मात्रै नयाँ पुस्तालाई नपुग्ने उनको आग्रह छ । नेता पुनका नेपालमा अनुसार २० वर्ष अगाडि जम्मा १९ हजार किलोमिटर सडक बाटो थियो । पछिल्लो २० वर्षमा एक लाख २५ हजार किलोमिटर बाटो बनाइएको छ । उनी भन्छन्, 'पञ्चायतकालमा जम्मा ९ हजार किलोमिटर बाटो थियो । बहुदलको १५ वर्षमा जम्मा १९ हजार र यता आएर २० वर्षमा एक लाख २० हजार किलोमिटर बाटो बनायौं । यो परिवर्तन हो । यो क्रान्ति हो ।' नयाँ पुस्ताले यो भन्दा अझ तिव्रतर विकास खोजेको उनको बुझाइ छ । उनी थप्छन्, 'अब नयाँ पुस्ताले स्मार्ट विकास चाहेका छन् । सडक छ होइन, नयाँ प्रविधिअनुसारको विकास अपनाउनुपर्ने बाध्यता छ ।'

१९९० मा इन्टरनेट आयो र त्यसपछि इगर्भनेन्समा गएका देशहरू अगाडि बढ्न सकेको उनले बताए । अहिले एआइको जमाना रहेकोले त्यसलाई जेनजी पुस्ताले समातेको बताए ।

यस्तो परिस्थितिमा तत्कालीन सरकारले सामाजिक सञ्जाल बन्द गरेर डिजिटल पुस्तालाई भड्काउने काम गरेको उनको आरोप छ । सामाजिक सञ्जाल बन्द भएपछि जनताको दैनिकीमै प्रभाव परेको र त्यसले आन्दोलनको रुप लिएको उनले बताए । नेता पुनले भनेका छन्, 'भदौ २३ गतेको आन्दोलन असाध्धै राम्रो । तर, पछिल्लो दिन घुसपैठहरू भएका छन । त्यसबारे छानबिन हुनुपर्छ ।'

# केराका थामबाटै आम्दानी गर्छन् मधेशका किसान

**महोत्तरी–** महोत्तरी सहितका मधेशका जिल्लाहरू पर्व कृषिमैत्री छन् । यहाँका धार्मिक, पारम्परिक र सांस्कृतिक पर्वका विधिमै कृषि उपजको महत्व जोडिएको छ ।

यहाँका पर्वमध्ये तिहार र छठमा त झन् थरिथरिका कृषि उपज पूजा सामग्रीमा प्रयोग हुन्छन् । यीमध्ये तिहारमा केरा फलमात्र नभएर कोथाहरू नै बिक्री हुने भएपछि यो खेतीका किसानलाई अतिरिक्त आर्जनको अवसर बन्दै आएको छ ।

तिहार र छठ दुवै पर्वमा केरा फल अनिवार्य चढाइने सामग्रीमा पर्छ । खासगरी छठमा त केराका घरी नै सूर्यदेवलाई अर्घ्य (अर्घ) दिँदा देखाइने चलनले पर्वभरि यसको माग निकै हुन्छ ।

तिहारमा लक्ष्मीपूजाका दिन त व्यापारिक प्रतिष्ठानले लक्ष्मी प्रवेशद्वार बनाउन केराका थामको प्रयोग गर्छन् । यो चलनले जिल्लाका मुख्य बजारमा केराका थामको बजार जम्दै आएको विगत छ । कतिपय व्यापारीले केही दिन पहिले नै थामबापतको अग्रिम रकम दिए पछि यो नगदले आफ्नो पर्वका सामग्री खरिदमा सहयोग पुगेको केराखेतीका किसान बताउँछन् ।

'मैले त थामबापत बैना र कम नै पाँच हजार लिइसकेको छु', भङ्गाहा-४ थारूटोल बनरका किसान रामधारीसिंह थारू भन्छन् । तिहारको यो अवसर आफहरूका लागि खनेर फालिने कोथाबाट रकम प्राप्त हुनेहुँदा यो बेला पर्खाइमा रहने गरेको उनले बताए ।

केराखेती गर्दा एक झ्याङ्मा तीनवटाभन्दा बढी कोथा बढ्न दिन नहुने किसानको अनुभव छ । 'एक झ्याङमा तीनभन्दा बढी कोथा भए घरी राम्रो लाग्दैन, कोसा राम्रा हुँदैनन्', अर्का किसान रामसुनरदेवी राय भन्छन्, 'यो त बढी भएका कोथा हामीले मजदुर लगाएर उखालेर फाल्नुपर्थ्यो, तर यो बेला कोथा बिक्री हुने भएर यो अवसर हाम्रो पर्खाइमा पर्छ ।'



पर्वको यो अवसरले उखाल्न लाग्ने खर्चको बचतसँगै कोथा बिक्रीबाट प्राप्त हुने रकम पुरस्कारजस्तै हुने गरेको राय बताउँछन् । यसै मौकामा केराको गोडमेल हुने गरेको किसानको भनाइ छ । यसैले यी पर्वलाई किसान केराको अमृत बेला भन्ने गर्छन् । पर्वका बेला केराका घरीले राम्रो दाम पाउने र उखालेर फाल्नुपर्ने कोथासमेत बिक्री हुनुले यो खास अवसर रहँदै आएको किसानको भनाइ छ ।

वर्षभरिमा एउटा केराका झ्याङमा पाँचसातवटासम्म फाल्नुपर्ने कोथा निस्कने किसान बताउँछन् । यसबेला स्वागतद्वारका लागि व्यापारीले लग्ने कोथा जोडीको रु तीन सयसम्म पाइने गरेको किसानको भनाइ छ । आफूले कोथा बेचेर नै तिहारमा पछिल्ला तीन वर्षयता सालाखाला रु १० हजार पाएको भङ्गाहा-६ सग्रामपुरका सुवालाल राय यादव बताउँछन् । केराका थामको बजार लक्ष्मीपूजाको एक दिनअघिदेखि नै जम्ने गरेको छ । थामको स्वागतद्वार बनाउने चलन सहरबजार क्षेत्रमा भएको हुँदा जिल्लाका जलेश्वर, गौशाला, बर्दिबास, मटिहानी, रामगोपालपुर, मनरा र पिपरासहितका बजार क्षेत्रमा ठूलै मेला जम्छ ।

थहरूहट मधेश क्षेत्रमा तिहार र छठका अवसरमा स्वागतद्वार बनाउन प्रयोग गरिने थाम शुभफलदायी मानिन्छ । केराका थामको स्वागतद्वारबाट लक्ष्मी गृह प्रवेश गर्ने विश्वासले यसको महत्व बढेको संस्कृतिका जानकार बताउँछन् । वैदिक कालदेखिकै यो लोकसंस्कृतिको अङ्ग बन्दै आएको मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा रवीन्द्रदास वैष्णव बताउँछन् ।

नेपालीहरूको सबैजसो चाडपर्वको अनिवार्य प्रसाद सामग्री बन्ने र स्वास्थ्यका लागि लाभदायी यो फल बजारमा बाह्रैमास बेचबिखन भए पनि यहाँ यसको खेती भने निकै कम छ । घरकरेसा बारीमा एकाध केराका बोट देखिए पनि यसको व्यावसायिकखेती भने दुई सय ८० हेक्टरमा मात्र भइरहेको कृषि ज्ञान केन्द्र कार्यालयले जनाएको छ ।

जिल्लामा केराखेतीका लागि अनुकूल हावापानी र माटो रहेको हुँदा किसानले यो खेतीमा तत्परता देखाए कार्यालयले प्राविधिक सहयोगसँगै उन्नत जातका बिरुवा सुलभ मूल्यमा उपलब्ध गराउन पहलकदमी लिनसक्ने कार्यालयका कृषिविज्ञ तथा सूचना अधिकारी अविरलकुमार महतो बताउँछन् ।

## अन्तराष्ट्रिय

# भारतीय मूलका पुरुष ४३ वर्ष जेल बसेपछि निर्दोष ठहर



**अमेरिका–** एउटै कोठामा सँगै बस्ने साथीको हत्या अभियोगमा ४३ वर्ष जेल जीवन बिताएका भारतीय मूलका सुब्रमण्यम् वेदम 'सुबु'लाई अमेरिकी अदालतले निर्दोष ठहर गरेको छ ।

सन् १९८० मा अमेरिकाको पेन्सिलभेनिया राज्यको रुलर सेन्टर काउन्टीको एउटै कक्षामा अध्ययन गर्ने र सँगै कोठामा बस्ने साथी १९ वर्षीय थोमस किन्सरको हत्या आरोपमा वेदम पक्राउ परेका थिए । थोमसको शव नौ महिनापछि जंगलमा गोलीको दागसहित भेटिएको थियो ।

साथी थोमसको हत्या आरोपमा पक्राउपछि वेदमले आफू निर्दोष रहेको दाबी गर्दै सन् १९८३ मा मुद्दा दर्ता गरेका थिए । पहिलो मुद्दाको सुनुवाइमा सन् १९८३ मा आजीवन काराबासको सजाय सुनाएपछि दोस्रो पटक सन् १९८८ मा आफू निर्दोष रहेको दाबी गर्दै माथिल्लो अदालतमा उपस्थित भए पनि उनलाई दोस्रो पटक पनि दोषी ठहर गरिएको थियो । वेदमलाई अदालतले १९८३ र १९८८ मा दुई पटकसम्म दोषी ठहर गरेपछि उनले १९८३ देखि २०२५ सम्म निरन्तर ४३ वर्ष जेल जीवन बिताएका हुन् । अनुसन्धान जारी रहेको अवस्थामा २०२२ मा पेन्सिलभेनिया इनोसेन्स पोजेक्टले हत्याबारे नयाँ तथ्य फेला पारेपछि २०२५ को अगस्तमा दोषी ठहर गर्ने प्रमाणहरू फेला नपरेको अवस्थामा वेदमको अधिकार उल्लंघन भइरहेकाले उनलाई सुनुवाइमा सामेल गराउने निर्णय भएपछि सेप्टेम्बरमा उनको मुद्दामा थप अनुसन्धान अघि बढेको थियो । वेदमको मुद्दाको अन्तिम सुनुवाइमा उनलाई ४३ वर्षपछि अक्टोबर २ मा निर्दोष ठहर गरेसँगै उनी जेलमुक्त भए ।

हत्या अभियोगमा ४३ वर्ष जेल बसेर निर्दोष ठहर भएको एक दिनपछि वेदम पुनः पक्राउ परे । अक्टोबर ३ मा उनलाई यूएस इमिग्रेसन एण्ड कस्टम इन्फोर्समेन्ट (आइस)ले पक्राउ गरेको हो । हत्या अभियोगको मुद्दाका क्रममा उनको ग्रिन कार्ड (स्थायी बसोबास प्रमाणपत्र) जफत गरिएकाले उनलाई आइसले गैरकानुनी आप्रवासीको रूपमा पक्राउ गरेको हो । आइसले पक्राउपछि उनलाई भारत डिपोर्ट गर्ने प्रक्रिया अघि बढाएको छ ।

वेदमकी दिदी सरस्वतीका अनुसार ४३ वर्षपछि निर्दोष ठहर भए पनि पक्राउ गरेर भारत डिपोर्ट गर्न अर्को अन्यायपूर्ण व्यवहार भएको भन्दै पुनः मुद्दा खेप्न परिवार तयार भएको बताएकी छिन् । उनले सुबु शिशु उमेरमै अमेरिका आएकाले भारतसँग उनको कुनै सम्बन्ध सम्पर्क नरहेको र उनको जीवनशैली नमिल्ने भन्दै डिपोर्टेसन आदेशविरुद्ध लड्ने दाबी गरिन् ।

**चाँडबाड...**

गर्नुहुदैन । आफ्ना परिवार सबै सकुसल रहेमा कसैलाई पनि चिन्ता हुदैन चाडबाड मान्नकै लागि भनेर जोखिम मोलेर यात्रा गर्दा दुर्घटनामा परी तलमाथि भयो भने झनै समस्या हुन्छ । त्यसकारण चाडबाडमा हुने जोखिम यात्रालाई शुरक्षित बनाउन यातयात व्यवसायी, नेपाल ट्रफिक, नेपाल प्रहरी, नेपालका सामाजिक संघ, संस्थाहरु सवैले यहि वेलामा मानव सेवाको लागि आफ्नो मानवीय कर्म गरेर नेपालका मुख्य पर्वमा कुनैपनि दुर्घटना हुन नदिने काम गर्नुपर्छ ।

कैलालीमा मलामी जाँदै गरेको ट्याक्टर दुर्घटनामा परी तीन जनाको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन् । दुर्घटनामा परी मृत्यु हुनेमा जिल्लाको बर्दगोरिया गाउँपालिका-४ का ३७ वर्षीय हर्कबहादुर साउद, १६ वर्षीय शीतल साउद र सोही ठाउँका ६४ वर्षीय दानबहादुर साउद रहेका छन् ।

**लक्ष्मी पूजा...**

४८ मेगावाट बढी हो । तिहारमा उद्योग, कलकारखानाहरु बन्द हुने भएकाले रेकर्ड गरिएको पिक डिमाण्ड औद्योगिक ग्राहकबाहेकको भएको प्राधिकरणको भनाइ छ । लक्ष्मीपूजाको दिनको पिकको विद्युत् मागलाई देशभित्रैका विद्युतगृहहरुबाट उत्पादन गरी आपूर्ति गरिएको थियो ।

देशभित्रको विद्युत् मागलाई पूरा गरी बढी भएको १ हजार १५ मेगावाट विद्युत् पिक समयमा भारततर्फ निर्यात गरिएको छ । गत वर्ष लक्ष्मीपूजा पिक समयमा २५३ मेगावाट निर्यात गरिएको थियो ।

लक्ष्मीपूजाको दिन निर्यातसहित प्रणालीमा समग्र विद्युत्को माग २ हजार ६६५ मेगावाट रेकर्ड गरिएको छ । गत वर्ष प्रणालीको पिक डिमाण्ड एक हजार ८५५ मेगावाट थियो ।

यस वर्ष लक्ष्मीपूजाको दिन काठमाडौं उपत्यकाको पिक डिमाण्ड १हजा ६५० मेगावाट रेकर्ड गरिएको छ । गत वर्ष ३९० मेगावाट थियो ।

**नर्सको समस्या...**

डा. बुढाथोकीले अनलाइनखबरसँग भने, 'कार्यदलले नर्सहरूको कार्यस्थलमा फर्कने वातावरण सिर्जना गर्न र उनीहरूले पाउनुपर्ने सेवा(सुविधा सुनिश्चित गर्न अनुगमन र सुपरिवेक्षण गर्नेछ ।'

कार्यदलले श्रेष्ठ नेतृत्वको समितिसँग समन्वय गरी काम अघि बढाउने उनले बताए । समितिको पहिलो बैठकले तिहार र छठको बिदालाई मध्यनजर राख्दै भर्चुअल माध्यमबाट समेत अध्ययन र समन्वयको काम अगाडि बढाउने निर्णय गरेको छ । समितिको दोस्रो बैठक कात्तिक ९गते बिहान ११ बजे बोलाइएको छ, जसमा नेपाल मेडिकल तथा डेन्टल कलेज एसोसिएसन र निजी अस्पताल सञ्चालकहरूका प्रतिनिधिलाई अनिवार्य उपस्थितिका लागि आह्वान गरिएको छ । आइतबारको बैठकमा निजी मेडिकल सञ्चालकहरू अपमानजनक व्यवहार गरिएको भन्दै बैठक बहिष्कार गर्दै निस्किएका थिए । बैठकमा निजी क्षेत्रका प्रतिनिधिहरूसँग छलफल गरी उनीहरूका माग र सरोकारलाई समेत समेटेर अन्तिम प्रतिवेदन तयार गरिने डा ।बुढाथोकीले बताए । 'निजी क्षेत्रका प्रतिनिधिहरूले आफ्ना मागहरू पनि सम्बोधन हुनुपर्ने कुरा उठाएका छन् । ती मागहरूको सम्भाव्यता अध्ययन गरी समितिले प्रतिवेदन तयार गर्नेछ', उनले भने ।

उक्त प्रतिवेदन स्वास्थ्य मन्त्रालयमार्फत मन्त्रिपरिषद्मा पेस गरिनेछ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# अब माघ १६ मा 'आ बाट आमा', पोस्टरमा के छ ?

**काठमाडौं–** फागुन १५ गते प्रदर्शन हुने भनिएको फिल्म 'आ बाट आमा'लाई एक महिना अगाडि सारिएको छ । सोमबार लक्ष्मीपूजाको अवसरमा फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै आगामी माघ १६ गतेलाई फिल्मको नयाँ प्रदर्शन मिति घोषणा गरिएको हो । फिल्मको रिलिज सर्नुको मुख्य कारण फागुन २१ गते हुन लागेको प्रतिनिधि सभाको निर्वाचन हो ।




पोस्टरमा फिल्मका तीन मुख्य कलाकार विपना थापा, प्रदीप राउत (गजनी भिलेन) र पल शाहलाई प्रस्तुत गरिएको छ । उनीहरू खुसी मुद्रामा देखिएका छन् । ग्रामीण परिवेशमा आधारित फिल्मले आमाबाबु र सन्तानबीचको भावनात्मक सम्बन्धलाई केन्द्रमा राखेको संकेत पोस्टरले गरेको छ । फिल्ममा विपना र प्रदीपले पलको आमा-बुवाको भूमिका निभाएका छन् । चन्द्र पन्तको लेखन तथा निर्देशनमा बनेको यस फिल्ममा साइग्रेस पोखरेल, सिम्रन पन्त, उषा उप्रेती, विशालपहाडी, रवीन्द्रझा, गजित विष्ट, हेमराज अधिकारी, दीलिप उखेडा लगायतको पनि अभिनय रहेको छ । कथावाचक साइग्रेस र उषाले यही फिल्मबाट डेब्यु गरेका हुन् । यसमा उनीहरूलाई जोडीको रूपमा प्रस्तुत गरिएको छ ।

आर्या इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको फिल्ममा ओमकार पन्त, कृष्णप्रसाद सुवेदी, ध्रुव न्यौपाने, प्रकाश कुँवर र क्षितिज ढुङ्गाना निर्माताका छन् । फिल्मका नवराज उप्रेतीको छायांकन तथा कोशिस क्षेत्री, बाबुल गिरी र थानेश्वर गौतमको संगीत रहेको छ । यो फिल्मको छायांकनअघि नै अस्ट्रेलिया र न्युजिल्याण्डमा प्रदर्शन अधिकार बिक्री भइसकेको छ ।

# किरणको 'महादशा'मा भित्रिइन् पूजा

**काठमाडौं–** निर्माता किरण नेपालीको निर्देशनमा बन्न लागेको फिल्म 'महादशा'मा कलाकारको लाइनअप बलियो देखिएको छ । निरुता सिंह, उत्तम प्रधान, प्रमोद अग्रहरी जस्ता कलाकार अनुबन्ध भइसकेको यो फिल्ममा अब अभिनेत्री पूजा शर्माको प्रवेश भएको छ । उनी सोमबार फिल्ममा अनुबन्ध भएकी हुन् । पूजाले यसअघि किरणको फिल्म 'पोइ पर्‍यो काले'मा पनि काम गरेकी थिइन् ।

लेकाली इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुने फिल्ममा हिपहप कलाकार हाकिम गुरुङ, प्रेमा लामगाडे, विनोद न्यौपाने, रियर राई, प्रभात लामा, रामचन्द्र अधिकारी, कमल देवकोटा, पुस्कर भट्ट, दिनेश काफ्ले, रन्जन कोइराला, युविक राज शाह, स्मृति कल्मर, एलिज पुन लगायतको पनि अभिनय रहनेछ । यसमा मनिष गौतमको लेखन छ ।



राजेन्द्र शाह, श्याम मगर र अमलादेवी राई निर्माता रहेको फिल्ममा सुरज आचार्य कार्यकारी निर्माताका छन् । फिल्ममा संस्कार, संस्कृति र अध्यात्मसँगै मानिसको जीवनमा ग्रह-नक्षत्र र कर्मले पार्ने प्रभावलाई कथावस्तुको रूपमा प्रस्तुत गरिने जनाइएको छ । फिल्मको छायांकन छठपछि सुरु गर्ने तयारीमा निर्माण पक्ष छ ।

# 'भाइरल गोर्खे' माघ १ मा, पोस्टरमा रोमान्टिक देखिए सौगात र सृष्टि




**काठमाडौं–** 'छड्के'का निर्देशक निगम श्रेष्ठको लेखन तथा निर्देशनमा बनेको फिल्म 'भाइरल गोर्खे' माघे संक्रान्तिको दिनदेखि प्रदर्शनमा आउने भएको छ । तिहारको अवसर पारेर सोमबार निर्माण पक्षले फिल्मको नयाँ पोस्टर सार्वजनिक गर्दै माघ १ गतेलाई प्रदर्शन मिति तय गरेको हो । यो मितिमा अन्य दुई फिल्म 'गोबर गणेश' र 'मिरमिरे' पनि प्रदर्शनमा आउँदैछन् ।

सार्वजनिक पोस्टरमा फिल्मका मुख्य जोडी सौगात मल्ल र सृष्टि श्रेष्ठलाई प्रस्तुत गरिएको छ । मोबाइलको फ्रेमभित्र रहेका उनीहरू रोमान्टिक मुद्रामा देखिएका छन् । पोस्टरको छेउमा 'बतासले उडाई लग्यो माया मेरो' लेखिएको छ, जसले सौगात र सृष्टिबीचको प्रेमलाई दर्शाउँछ । ब्रेकअपपछि उनीहरूले एकसाथ काम गरेको यो पहिलो फिल्म हो ।

नेपालमा विकृतिको रूपमा मौलाएको भाइरल प्रवृत्तिलाई व्यंग्य गर्ने 'भाइरल गोर्खे'मा सौगात र सृष्टिसँगै बुद्धि तामाङ, लक्ष्मी गिरी, राजाराम पौडेल, ऋषि धमला लगायतको अभिनय रहेको छ । एके ब्रदर कम्पनी, द जिएमआई एकेडेमी र निर्माना फिल्म स्कुलको ब्यानरमा निर्माण भएको यो फिल्मका निर्माताहरू अमित श्रेष्ठ, विशाल ताम्राकार, महेश लामिछाने र केवल जंग कुँवर हुन् ।

अमर महर्जनको सिनेमाटोग्राफी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन, अमित श्रेष्ठको साउन्ड डिजाइन तथा बन्दे प्रसाद, रवि चौधरी र भीम विश्वकर्माको सम्पादन रहेको फिल्ममा शुभेक्षा पौडेल, भुवन अधिकारी र निखिल पौडेल सह-निर्माताका छन् । भाइरल प्रवृत्तिको पछि लाग्दाको प्रभाव र असरको परिणामलाई फिल्मले देखाउने जनाइएको छ ।

# 'वरिष्ठ बलराम'बारे के भन्छन् दयाहाङ र विजय ?



**काठमाडौं–** अभिनेता द्वय दयाहाङ राई र विजय बरालले धेरै फिल्ममा सहकार्य गरिसकेका छन् । त्यसमध्ये 'कबड्डी' श्रृंखलामा उनीहरूको केमेस्ट्री निकै रूचाइयो । प्रायः फिल्मका साथीको भूमिकामा देखिएका उनीहरू नयाँ फिल्म 'वरिष्ठ बलराम'मा भने प्रतिद्वन्द्वीको रूपमा प्रस्तुत भएका छन् । यसमा दयाहाङले ठेकेदारको भूमिकामा निभाएका छन् भने उनलाई चुनौती दिने पात्रमा विजय छन् ।


यो फिल्ममा दयाहाङको गेटअप भिन्न देखिन्छ । प्रायः फिल्ममा गाउँले र दुःखी चरित्रमा देखिने उनी यसमा शहरिया धनी पात्रको भूमिकामा छन् । यसैले फिल्ममा उनले कोट पाइन्ट बढी लगाएका छन्, जुन ट्रेलरमा पनि देखिन्छ । उनी 'वरिष्ठ बलराम'मा दर्शकले आफ्नो गेटअपमा फरकपन पाउने बताउँछन् । सुरुमा फिल्मको स्क्रिप्ट पढ्दा भने उनले यस्तो गेटअप सोचेका थिएनन् ।

दयाहाङ भन्छन्, 'पहिलो पटक स्क्रिप्ट पढ्दा मैले यस्तो गेटअप कल्पना गरेको थिइनँ । निर्देशकले सुट र टाइमा ठाँटिएर हिँड्ने क्यारेक्टर हो भनेपछि त्यसमा म पनि तयार भएँ । भित्री पक्ष अर्कै भए पनि बाहिर 'म वरिष्ठ हुँ' भनेर आडम्बर देखाउने पात्र भएकाले यो गेटअप ठीक हो भन्ने लाग्यो ।' चितवनको प्रचण्ड गर्मीमा कोट लगाएर काम गर्न भने गाह्रो भएको उनको अनुभव छ ।

फिल्ममा बलरामको भूमिकामा रहेका विजय आफ्नो चरित्र लोकप्रिय हुनेमा आशावादी देखिन्छन् । तर, 'पूर्णबहादुरको सारङ्गी'को 'पूर्णे' क्यारेक्टर अत्याधिक रुचाइएकाले त्यसलाई उछिन्न भने सजिलो नहुने उनको भनाइ छ । भन्छन्, 'पूर्णे र बिकेको चरित्रबाट दर्शकले मलाई चिन्नुभयो । त्यो छविलाई भत्काएर अर्को सेट गर्न सहज भने छैन । तर, कहिलेकाँही सामान्य कुरा नै धेरै रुचाइन्छ ।'

भाइटीकोको दिन (कात्तिक ६ गते)बाट प्रदर्शनमा आउन लागेको यो फिल्ममा दयाहाङ र विजयसँगै समृद्धि अर्याल, माओत्से गुरुङ, पशुपति राई, भोलाराज सापकोटा, प्रदीप कुमार चौधरी (पिके डन), रामबाबु रेग्मी, कमल देवकोटा, सन्तोष गिरी, विजया अधिकारी लगायतले पनि अभिनय गरेका छन् । सुरेन्द्र पौडेलको निर्देशनमा बनेको फिल्मका उनी स्वयंको कथा तथा सम्पादन छ ।

# 'परान' मेरो लागि ठूलो परीक्षा हो : नीर शाह



**काठमाडौं–** अभिनयमा पारंगत मानिने कलाकार नीर शाहले आफ्नो ६ दशक लामो करिअरमा लोभीदेखि दयालु, धनाड्यदेखि प्रहरीसम्मका विभिन्न भूमिकामा जीवन्त अभिनय गरेका छन् । अब उनी नयाँ फिल्म 'परान'मा बाबुको भूमिकामा देखिँदैछन् । भूमिका बुवाको भए पनि उनी फिल्मका मुख्य पात्र हुन् । अर्थात् कथाको केन्द्रमा नै उनी छन् । यो फिल्म कात्तिक १४ गतेबाट प्रदर्शनमा आउँदैछ ।

उनले 'परान'मा निभाएको धर्मनाथ पात्रको चरित्रलाई आफ्नो परीक्षाको रूपमा लिएका छन् । जीवनमा यसप्रकारको भूमिका पनि गर्नपर्छ भनेर फिल्ममा जोडिएको उनको भनाइ छ । शनिबार फिल्मको ट्रेलर सार्वजनिक कार्यक्रममा उनले भने, 'यसप्रकारका अवसर बारम्बार प्राप्त हुँदैनन् । यसैले प्राप्त भएको अवसरलाई सदुपयोग गर्न सक्नुपर्छ, जुन आफ्नै लागि पनि ठूलो परीक्षा होस् ।'

उनले 'परान'मा धर्मनाथको चरित्र आफ्नो अगाडि परीक्षा बनेर उभिएको र त्यो परीक्षा निष्ठापूर्वक दिने प्रयास गरेको स्मरण गरे । 'कुनै पनि चरित्र गर्दा कलाकारले जुन मात्राको इमानदारिता र निष्ठाको प्रयोग गर्नुपर्छ, त्यो मैले यसमा प्रयोग गरेको छु । मेरो ६० वर्ष लामो अभिनय करिअरमा केही परियोजनाहरूलाई अत्यन्त गम्भीरताका साथ लिएँ । त्यसमा एक 'परान' पनि हो,' शाहले भने ।

यो फिल्म आफ्नो लागि पाठशाला गएजस्तै भएको उनको अनुभव छ । फिल्मका कलाकारहरूले आफूलाई धेरै कुरा सिकाएको उनले बताए । यसमा उनीसँगै मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, केकी अधिकारी, महेश त्रिपाठी, प्रविण खतिवडा, अञ्जना बराइली लगायतको पनि अभिनय रहेको छ ।

# शोभित बस्नेतको 'पीआर' मंसिर २६ मा प्रदर्शन हुने

**काठमाडौं–** शोभित बस्नेतको निर्देशनमा बनेको फिल्म 'पीआर' आगामी मंसिर २६ गतेबाट प्रदर्शनमा आउने भएको छ । निर्माण पक्षले काग तिहारको अवसर पारेर आइतबार फिल्मको प्रदर्शन मिति घोषणा गरेका हुन् । गत अगस्टमा अष्ट्रेलियाका मेलबर्न, ब्रिसबेन, सिड्नी, न्युक्यासल लगायतका सहरमा फिल्मको विशेष प्रदर्शन भइसकेको छ ।

सलोन सलिना फिल्म्सको ब्यानरमा बनेको यो फिल्ममा नीर शाह, गौरी मल्ल, दिक्पाल कार्की, आर.ए. सुरज पौडेल, विनिता कार्की, राजन कुँवर, पूजा चौधरी, आश्मा अधिकारी, विमला खत्री, स्याक्स गणेश बुढाथोकी, कृष्ण थापा लगायतको अभिनय रहेको छ ।




अष्ट्रेलियन पीआर (स्थायी बसोबास अनुमति)का लागि नेपाली विद्यार्थीहरुले गर्ने संघर्षको कथामा फिल्म आधारित छ ।

रञ्जित साह र सन्तोष तिवारी प्रस्तुतकर्ता रहेको फिल्मका निर्माताहरू लक्ष्मण सापकोटा र प्रदीप दाहाल हुन् । यसमा निर्देशक बस्नेत स्वयंको कथा छ भने पटकथा र संवाद गणेश बुढाथोकीले तयार पारेका हुन् । फिल्ममा सौरभ सायमी (अष्ट्रेलिया) र सौरभ लामा (नेपाल)को छायांकन, बन्दे प्रसादको सम्पादन तथा मानस राज र भीम बीसीको संगीत रहेको छ ।

निर्देशक बस्नेतले फिल्ममा विदेश बस्ने नेपाली युवाहरूको यथार्थ चित्रण गरिएको बताए । उनले भने, 'हामीले विदेश बस्नेहरूले गगनचुम्बी भवन र महँगा गाडीको अगाडि खिचेको सेल्फी देखेका होलाउँ, तर त्यहाँ उहाँहरूलाई कस्तो दुःख छ भनेर देखेका हुँदैनौं । मैले फिल्ममा विदेश बस्नेहरूको संघर्ष र नेपालमा बस्ने परिवारले गर्नुपर्ने दायित्वलाई देखाउन खोजेको छु ।'

# निखिल र वर्षालाई लिएर फिल्म 'कस्तुरी' बन्ने

**काठमाडौं–** अभिनेता निखिल उप्रेती र अभिनेत्री वर्षा सिवाकोटीले पहिलो पटक फिल्ममा सहकार्य गर्ने भएका छन् । फिल्म 'कस्तुरी'मा उनीहरूको जोडी बाँधिन लागेको हो । तिहारको अवसर पारेर आइतबार फिल्म निर्माण घोषणा गरिएको यो फिल्मलाई ऋत बोहोराले निर्देशन गर्नेछन् । उनले यही फिल्मबाट निर्देशनमा डेब्यु गर्न लागेका हुन् । यसमा उनी स्वयंको कथा छ ।

सस्पेन्स थ्रिलर विधामा बन्ने यो फिल्मको निर्माण धीरज अग्रवालले गर्नेछन् । खाद्य, प्लास्टिक, स्टिललगायत पाँचभन्दा बढी उद्योग सञ्चालन गर्दै आएका उनले पहिलो पटक फिल्म निर्माण गर्न लागेका हुन् । उनको कम्पनी टेन इन्टरटेनमेन्टको ब्यानरमा बन्ने 'कस्तुरी'मा अञ्जली चौधरी सह-निर्माताका छिन् ।

ब्रजेश खनालको लेखन रहेको फिल्ममा निखिल र वर्षासहित निशा अधिकारी, ब्रजेश खनाल, शेखर चापागाईं, निर्मल शर्मा लगायतको पनि अभिनय रहनेछ । आलोक शुक्लाको छायांकन र प्रशान्त सिवाकोटीको संगीत रहने फिल्मको छायांकन आगामी मंसिरमा काठमाडौंबाट हुनेछ । फिल्मले मनोवैज्ञानिक तनाव, हत्या, अपहरण र षड्यन्त्र जस्ता विषय समेट्ने जनाइएको छ ।

# गायक बाबुल गिरीको स्टुडियोमा युवतीद्वारा आत्महत्याको प्रयास

**काठमाडौं–** गायक तथा संगीतकार बाबुल गिरीको अनामनगरस्थित स्टुडियोमा एक युवतीले आत्मदाहको प्रयास गरेकी छिन् । शनिबार दिउँसो आफैँलाई जलाउने प्रयास गरेकी ती युवतीलाई स्थानीय र प्रहरीले उद्धार गरेर कीर्तिपुरस्थित बर्न अस्पताल पठाएका छन् ।

प्रहरीले गायक गिरीलाई पनि युवतीसँगै अस्पताल लगेको छ । आत्मदाह गर्ने युवती गायिका नितु पौडेल रहेको स्थानीयले बताएका छन् । आगोले उनको अनुहार जलेको छ । घटनाको विस्तृत विवरण भने आउन बाँकी छ । बाबुल र नितुले 'सत्य राम कसम', 'सिट्ठी मारेर', 'उसको नजरमा के' लगायतका गीतमा सहकार्य गरेका छन् । बाबुलका 'ब्रेकअप सङ', 'घामै राजा', 'सुतेर उठेको पैसामा' जस्ता गीत दर्शकमाझ लोकप्रिय छन् । उनका गीतको नेपाली फिल्ममा ठूलो माग छ ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- १३,
२०८२ साल कार्तिक ४ गते मंगलबार
21 OCTOBER 2025, TUESDAY

# डिलरसिप परिवर्तनको घानमा ग्राहक




**काठमाडौं–** एक महिना अगाडि कमर्सियल ब्रान्ड केवाइसीले २ वर्षमै पुरानो आधिकारिक कम्पनीलाई टर्मिनेटेड गरेर नयाँ डिलर छनोट गरेकामा नयाँ र पुराना बिक्रेताबीचको लफडा अदालतमा पुग्यो ।

विवादसँगै केवाइसी गाडीको कारोबार नै ठप्प छ । न नयाँले गाडी ल्याउन अनुमति पाएको छ, न पुरानो कम्पनीलाई एलसी खोल्न अनुमति छ । यसको मार ग्राहकले भोग्नु परिरहेको छ । केवाइसी पछिल्लो उदाहरण हो । अहिले केही वर्षपनि नपुग्दै डिलरसीप परिवर्तन हुने प्रवृत्ति बढ्दो छ ।

जसले गर्दा बजारमा बिक्री भएका सवारी साधनलाई आवश्यक पर्ने सर्भिस र स्पेयर पाट्र्समा जिम्मेवारी कसले लिने भन्ने लफडाले घानमा ग्राहक परेका छन् । उत्पादक कम्पनीले नै वेवास्ता गरेको देखिएको छ ।

आर्थिक ऐनको धज्जी उडाउँदै गाडी आयात, अर्थमन्त्रीले तत्कालै रोक्न सक्छन् केही वर्षदेखि मौलाएको विकृति जिओ अटोमोबाइल्सका प्रबन्ध निर्देशक आकाश गोल्छा अहिले नेपाली अटो बजारको स्थिति केही फरक रहेको स्वीकार गर्छन । 'अहिले पहिलेको जस्तो अवस्था रहेन । केही ठूला उत्पादक कम्पनी आफैंले बेहोर्ने कुरामा जिम्मेवारीबाट भाग्दैनन् । तर कतिपय त्यस्ता ब्रान्ड छन् जसको न बिक्रेताको ठेगान हुन्छ, न उनीहरु आफैंले सर्भिसको जिम्मेवारी लिन्छन्,' उनले भने । आकाशले अहिले धेरै ब्रान्डका चिनियाँ इभी नेपाली बजारमा बिक्री गरिरहेका छन् ।

सरकारले पनि यो बेथिति रोक्न अहिलेसम्म कुनै कदम चालेको छैन । यातायात व्यवस्था विभागले सवारीसाधन आयातको मापदण्ड नै तोक्न सकेको छैन । जसले गर्दा कम्तिमा एक वर्षसम्मको आधिकारिक सम्झौता भए पुग्ने कानुनी व्यवस्थामा टेकेर सवारीसाधन आयात गरिंदै आएको छ । आयात अनुमतिमा कानुनी व्यवस्था नै कमजोर रहेका कारण बिक्रेता कम्पनी फेरिने अवस्था बनेको व्यवसायीहरु बताउँछन् । 'चिनियाँ कम्पनीले सुरुमा दुई वर्षको सम्झौता गर्ने गरेका छन् । उनीहरुले बजारमा कम्पनीको पर्फर्मेन्सका आधारमा सम्झौता नवीकरण गर्ने वा टर्मिनेटेड गर्ने निर्णय लिने गरेका छन् । आयात अनुमतिका लागि उत्पादक कम्पनीसँग कम्तीमा ५ वर्षका लागि सम्झौता हुनुपर्ने कानुनी व्यवस्था सरकारले गरेमा अहिलेको समस्या धेरै हदसम्म समाधान हुन्छ । उत्पादक कम्पनीले दिएको वारेन्टी र सर्भिसमा ग्राहकलाई समस्या हुनेछैन,' नाडाका एक कार्यसमिति सदस्यले भने । लक्ष्मी इन्टरकन्टिनेन्टलका प्रबन्ध निर्देशक निराकर श्रेष्ठले उत्पादक कम्पनीले सुरुमा आधिकारिक डिलर छान्दा ख्याल गरे समस्या नआउने बताए । 'उत्पादक कम्पनीले आफ्नो ब्रान्डलाई स्टाब्लिस्ड गर्न सक्ने क्षमता र सर्भिस तथा वारेन्टीको बारेमा प्रतिवद्धता पुरा गर्न सक्ने कम्पनी वा व्यवसायीलाई छान्नु पर्छ । जसले गर्दा डिलरसिप परिवर्तन गरिराख्नु पर्ने झन्झट आउँदैन,' श्रेष्ठले भने, 'यस्तै नेपाली व्यवसायीले पनि बजारमा ब्रान्ड ल्याउँदा बजारमा चल्छ/चल्दै र प्रोडक्टको स्ट्रेन्थ हेर्नु पर्छ ।' जथाभावी चिनियाँ गाडीको आयातले डम्पिङ साइट त बन्दैन ? चिनियाँ राजदूतको जवाफः डिलर जिम्मेवार बन्नुपर्छ

श्रेष्ठका अनुसार बजारमा सम्झौता सुरुमा २ देखि ५ वर्षसम्मका लागि भए पनि स्थापित कम्पनीले दीर्घकालका लागि नै साझेदारी गर्ने क्लज राख्छन् । कुनै समस्या नआएको खण्डमा सम्झौता नवीकरण हुन्छ । समस्या आएको अवस्थामा सम्झौताको बारेमा रिभ्यु गर्ने परिपाटी रहेको श्रेष्ठ बताउँछन् । वारेन्टी र सर्भिसको ग्यारेन्टीमा खासमा उत्पादक कम्पनी र बिक्रेता दुवै जिम्मेवार हुनुपर्छ । उत्पादक कम्पनीले जुनसुकै कम्पनीलाई डिलरसिप दिए पनि पुराना सवारीसाधनको दायित्व लिनुपर्ने श्रेष्ठले बताए ।

'डिलरसिप चेन्ज हुनु भनेको राम्रो होइन । चेन्ज हुँदा ट्रान्जिन्सन फेजमा सर्भिस र वारेन्टीको कुरामा केही समस्या आउँछ । तर त्यसलाई उत्पादक कम्पनी र बिक्रेता नयाँ कम्पनीले नै जिम्मेवारी लिनुपर्ने हुन्छ । त्यतिको सामर्थ्य राख्ने बिक्रेता हुनुपर्छ,' उनले भने ।

# टीभीएसको अपाच्चे आरटीएक्स बाइक भारतीय बजारमा सार्वजनिक



**काठमाडौं–** टीभीएसको नयाँ बाइक अपाच्चे आरटीएक्स भारतीय बजारमा सार्वजनिक भएको छ ।

कम्पनीले बाइकको मूल्य १ लाख ९९ हजारदेखि २ लाख २९ हजार भारुसम्म राखेको छ । यो बाइक ३ वटा भेरियन्ट बेस, टप र बीटीओमामा उपलब्ध छ ।

कम्पनीले यो बाइकले सुजुकी भी स्ट्रोम एसएक्स र याज्जी एडभेन्चरसँग प्रतिस्पर्धा गर्ने बताएको छ । बाइकमा रहेको न्यु आरटी-एक्सडी ४ इन्जिनले ३६ हर्सपावर र २८.५ एनएम टर्क उत्पादन गर्न सक्छ । यो बाइकमा २९९ सीसी क्षमताको इन्जिन छ । साथै यसमा ६ स्पिड गियरबक्स छ ।

बाइकमा राइडिङ मोड, क्रुज कन्ट्रोल, स्वीचएबल ट्र्याक्सन कन्ट्रोल जस्ता फिचर उपलब्ध छन् ।

यसको ग्राउन्ड क्लियरेन्स २०० एमएम छ । यस्तै युएसडी फोर्क र मोनोस्क गरी दुवै सस्पेन्सन १८० एमएमको राखिएका छन् । अगाडि १९ इन्च र पछाडि १७ इन्चको ह्वील उपलब्ध छन् ।

दुबै ब्रेकिङ सिस्टम डिक्समा राखिएको छ । जसमा डुअल च्यानल एबीएस सिस्टम पनि उपलब्ध छन् ।

# विश्वविद्यालयको कुलपति प्रधानमन्त्री हुने प्रावधान हटाउनुपर्छ : मन्त्री पुन

**काठमाडौं–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले विश्वविद्यालयलाई राम्रो बनाउने विषयमा छलफल भइरहेको जानकारी गराएकी छिन् ।

सोमबार मन्त्रालयका एक पत्रकार सम्मेलन आयोजना गर्दै उनले विश्वविद्यालयमा राजनीतिकरण निर्मल पार्नुपर्ने सुझाव आएको बताए ।

'भिसि (कुलपति) हरूसँग पनि छलफल भएको छ । विश्वविद्यालय अनुदान आयोग अन्तर्गत विश्वविद्यालयलाई कसरी राम्रो बनाउन छलफल भएका छन्,' मन्त्री पुनले भने, 'राजनीतिकरण निर्मल पार्नुपर्ने सुझाव आको छ । मस्यौदा बनाउनेछ ।'

उनले विश्वविद्यालयको कुलपति प्रधानमन्त्री हुने व्यवस्था हटाउनुपर्ने बताए । 'कुलपति प्रधानमन्त्री हुने चलन छ । अब प्रधानमन्त्री नरहने व्यवस्था गर्नुपर्छ । छलफल हुँदैछ,' उनले भने ।

# पर्वतमा नेपालकै अग्लो हाइलाइनको सफल परीक्षण



**पर्वत–** साहसिक पर्यटकको प्रमुख गन्तव्यका रूपमा विकास हुँदै गएको पर्वतमा नेपालकै अग्लो स्थानमा हाइलाइनको सफल परीक्षण गरिएको छ ।

जिल्ला सदरमुकाम कुश्माबजार र छिमेकी जिल्ला बागलुङको बलेवा जोड्ने गरी 'द क्लिफ'ले सञ्चालन गरेको विश्वकै अग्लो बञ्जी पुल र 'द हार्नेस' प्रालीले सञ्चालन गरेको विश्वकै लामो 'सुपरम्यान' शैलीको जिपलाइनलाई जोडेर मुदुकमा पहिलोपटक अग्लो र लामो दूरीमा हाइलाइनको अभ्यास गरिएको हो ।

हाइलाइन मानसिक तथा शारीरिक शक्ति परीक्षण गर्ने अत्यन्त रोमाञ्चक खेलका रूपमा मानिन्छ । कालीगण्डकी खोँचमा ४०८ मिटर लामो र २२८ मिटरको उचाइमा पहिलो पटक हाइलाइनको परीक्षण सफल भएको द क्लिफका अध्यक्ष राजु कार्कीले जानकारी दिए ।

हाल जर्मनीमा बसोबास गर्दै आउनुभएका धनकुटाको हिलेका शङ्कर कोइरालाले लामो समयदेखिको गहन योजनाका रूपमा यो कार्यक्रम गरेका हुन् । कोइरालाले १५ वर्षदेखि युरोपका विभिन्न ठाउँमा हाइलाइन गर्दै आएको बताउँदै लामो प्रयासपछि पर्वतमा पनि यो सम्भव भएको उल्लेख गरे ।

साहसिक पर्यटन प्रवर्द्धनको उद्देश्यले कोइरालाको संयोजनमा नेपालमा हाइलाइनको यस्तो प्रयास हुनु पर्यटकका लागि नयाँ खेलका रूपमा स्थापित हुने क्लिफका अध्यक्ष कार्कीले विश्वास व्यक्त गरे ।

पहिलोपटक गरिएको हाइलाइनको क्रु सदस्यमा कोइरालासहित तीन जना नेपाली र तीन विदेशी छन् । गत असोज २९ गतेदेखि सुरु भएको हाइलाइन कार्यक्रम शनिबार सकिएको छ । नेपाल स्ल्याकलाइन कम्युनिटी र लोकप्रिय एड्भेञ्चर हब 'द क्लिफ'को सहकार्यमा यो हाइलाइन आयोजना गरिएको हो । क्लिफका अध्यक्ष कार्कीका अनुसार नेपालमा पहिलोपटक यति उचाइमा हाइलाइन गरिएको हो । 'यसले साहसिक पर्यटनमा नयाँ सम्भावनाका ढोका खोल्ने अपेक्षा गरिएको छ', उनले भने ।

नेपाल स्ल्याकलाइन कम्युनिटीका सदस्यको अनुभव र युरोपेली प्रशिक्षकको सहयोगमा यो परियोजना अघि बढाइएको कोइरालाले बताए । उनका अनुसार खेल हेर्दा डरलाग्दो देखिए पनि पूर्ण रूपमा सुरक्षा मापदण्ड अपनाइएको थियो । 'हाइलाइन २० मिटरबाट सयौँ मिटर उचाइमा तानिएको लाइनमा सेफ्टी हार्नेस र लिस प्रणालीसहित हिँड्ने साहसिक खेल हो । सन्तुलनका लागि गहिरो ध्यान, स्थिर नजर र श्वास नियन्त्रण अत्यावश्यक हुन्छ', उनले भने ।

वर्षायाम सकिएसँगै पर्वतमा आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्न थालेको छ । सोही अवसरमा गरिएको हाइलाइन हेर्न पनि सयौँ पर्यटक सहभागी भएका थिए । यसबाहेक जिपनलाइन, बञ्जी, स्वीङ, स्काइसाइक्लिङ, मेगाट्रोल, पिङ, रक क्लाइम्बिङ, र्‍याफ्टिङका लागि पर्यटकको आकर्षण बढ्दै गएको छ ।

# बाह्रखरी कथामा प्रथम हुनेलाई २ लाख

**काठमाडौं–** 'डिसहोम सातौं बाह्रखरी कथा प्रतियोगिता २०८२' मा प्रथम हुनेले २ लाख रुपैयाँ पुरस्कार पाउने भएका छन् ।

यो प्रतियोगिताका लागि कथा आह्वान गर्न आयोजित पत्रकार सम्मेलनमा यसबारे जानकारी दिइएको हो ।

बाह्रखरी मिडियाले यस वर्षदेखि विगत वर्षभन्दा पुरस्कार राशि बढाएको जनाएको छ । प्रतियोगितामा सर्वोत्कृष्ट तीन कथालाई यस वर्षदेखि क्रमशः २ लाख, १ लाख र ६० हजार रुपैयाँ नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिने बाह्रखरीले जनाएको छ । संग्रहमा छापिने बाँकी २२ कथाकारलाई जनही ७ हजार रुपैयाँका दरले पुरस्कार सम्मान स्वरूप प्रदान गरिने पनि जनाइएको छ ।

# जेनजी प्रदर्शनका घटना बुझ्न जंगीअड्डा झिकाइए सैनिक अधिकृत

**काठमाडौं–** गत २३ र २४ भदौमा भएको जेनजी प्रदर्शनको घटना बुझ्न भन्दै केही सैनिक अधिकारीहरूलाई सैनिक मुख्यालय जंगी अड्डा झिकाइएको छ ।

जेनजी आन्दोलनमा भएको प्रदर्शन घटना बुझ्न सैनिक अधिकृतलाई बोलाइएको सैनिक प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेतले पुष्टि गरे । 'प्रदर्शनमा भएका गतिविधि बुझ्न केही सैनिक अधिकृतहरूलाई बोलाइएको हो । उनीहरूसँग त्यस ठाउँका घटनाका बारेमा बुझ्ने काम भइरहेको छ,' सहायक रथी बस्नेतले भने ।

सैनिक स्रोतका अनुसार त्यतिबेला केही विधवश् भएको ठाउँहरूको केही सैनिक अधिकृतलाई बोलाइएको हो । सेनाले यसरी जिंगी अड्डा झिकाइएका सैनिक अधिकारीको नाम र संख्याबारे केही पनि खुलाएको छैन ।

## जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो ।

**जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा**

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ ।

**त्यसैले जुवातास नखेलौं- नखेलाऔं, कानूनी कारबाहीबाट बचौं !**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**जनआकास मिडिया प्रा.लि का लागि :** प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार